# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ७७ | काठमाडौं | सोमबार, २४ असार २०८१ | Prabhab National Daily | Monday, July 08, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


मनसुनजन्य विपद्

## एक महिनामै ६२ जनाको मृत्यु



**मर्स्याङ्दी र दूधखोलाको चेपुवामा परेको मनाङको नासो गाउँपालिका-५ स्थित थोचे गाउँ । दुई नदीको संगमस्थल रहेको यस गाउँमा २०७८ असार १ को बाढीले क्षति पुऱ्याएको थियो ।** *तस्बिरः नवीन लामिछाने/रासस*

**काठमाडौं–** मनसुन सुरु भएयता बाढी, पहिरो, चटचाङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु, चार जना बेपत्ता र ९० जना घाइते भएका छन् ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले उक्त तथ्यांकबारे जानकारी गराएको हो । केन्द्रका अनुसार यस अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एक गरी नौ जनाको मृत्यु भएको छ । बाढीकै कारण दुई जना बेपत्ता छन् । पाँच घरमा पूर्णरूपमा क्षति पुगेको छ । ११ घरमा आंशिक क्षति भएको छ ।

पहिरोका कारण ३४ जनाले ज्यान गुमाएका छन् । पहिरोले दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ । पहिरोले ४३ घर पूर्णरूपमा क्षति भएको छ । २४ घरमा आंशिक क्षति पुगेको छ । १९ वटा गोठमा क्षति भएको छ

- पहिरोका कारण ३४ जनाको मृत्यु, दुई जना बेपत्ता, ३८ घाइते
- चट्याङबाट १९ जनाको मृत्यु, ३५ जना घाइते
- बाढी र पहिरोले हालसम्म आठ करोड छ लाख बराबरको क्षति
- एक सातामा मुलुकको ११० स्थानमा पहिरो

भने १२ जना घाइते भएका छन् । ११ घर पूर्णरूपमा र छ घर आंशिकरूपमा क्षतिग्रस्त छन् ।

बाढी र पहिरोले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ । चटचाङबाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् । 'बाढी, पहिरो, डुबान, चटचाङजस्ता मनसुनजन्य घटना अझै बढ्दो क्रममा छ, क्षति न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेका छौं,' प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले भने, 'यस वर्ष सरदरभन्दा बढी पानी पर्ने र १८ लाख मानिस प्रभावित हुने आँकलन गरिएको छ, तसर्थ सतर्कता अपनाउन जरुरी छ ।' उनका अनुसार यस वर्षको मनसुन अवधिमा चार लाख १२ हजार घरधुरी मनसुनजन्य विपद्मा पर्ने आँकलन गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता सुनील पोखरेलले सोमबारदेखि मुलुकभर बाढीको जोखिम कम हुने जानकारी दिए । 'आइतबार दिउँसो २ बजेसम्मको तथ्यांकअनुसार कुनै पनि नदी बाढीको खतरा तहमा पुगेको छैन, मुलुकको विभिन्न नौ वटा नदीहरू सतर्कता तहमा छ,' उनले भने, 'क्रमिकरूपमा नदीमा पानीको प्रवाह घटिरहेको छ, सोमबारदेखि बाढीको खतरा तत्कालका लागि टर्ने छ ।'

(क्रमशः पृष्ठ २ मा)

# दाहालको शक्तिमा क्षयीकरण



- २०६४ मा ३१ प्रतिशत, २०७० मा १७ प्रतिशत, २०७४ मा १३ प्रतिशत मत प्राप्त माओवादी २०७९ मा आइपुग्दा ११ प्रतिशतमा खुम्चिँदा प्रधानमन्त्री दाहाल हरेक निर्वाचनबाट कमजोर दलको नेता
- पार्टी विभाजन माओवादीको शक्ति क्षयीकरणको कारक
- एकताका शक्तिशाली नेता दाहाल यसपटक लुसुक्क प्रधानमन्त्रीको कुर्सी छाडेर हिँड्नुपर्ने अवस्थामा

■ **जेबी योञ्जन**

**काठमाडौं–** कांग्रेस-एमालेबीच हुने सत्ता सहकार्यको समझदारीसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको नेकपा माओवादी केन्द्र आगामी शुक्रबारदेखि कमजोर प्रतिपक्षीय भूमिकामा जाँदै छ । प्रधानमन्त्री दाहाल प्रतिपक्षी दलको नेता हुने छन् ।

संसद्को पहिलो दल कांग्रेस र दोस्रो दल एमालेबीचको सत्ता सहकार्य दाहाल र उनी नेतृत्वको माओवादीका लागि निकै चर्को पर्ने विश्लेषण भइरहेको छ । देशमा दुई दलीय प्रणालीको बहस गर्ने कांग्रेस-एमालेका नेताहरूको महिनौं लामो प्रयासपछि सत्ता सहकार्य हुन लागेको हो ।

दुई दल मिलेर चुनावसम्मै गठबन्धनमा रहे त्यसले हरेक चुनावमा कमजोर देखिँदै अन्ततः अस्तित्व रक्षाका लागि संघर्ष गर्नुपर्ने अवस्थाको माओवादी अप्ठ्यारो पर्ने टिप्पणीसमेत भएको छ । हुन पनि माओवादी हरेक निर्वाचनमा जनमत गुमाउँदै खिएर गएको दल हो । पहिलो संविधानसभा निर्वाचनमा यस दलले ३१ प्रतिशत जनमत प्राप्त गरेको थियो । प्रत्यक्षतर्फ २४० सिटमध्ये १२० सिट जितेको थियो । समानुपातिकतर्फ १०० सिट जितेको थियो । जुन माओवादीका लागि अभूतपूर्व जनमत थियो । परिणामतः संसद्को सबैभन्दा ठूलो पार्टीको संसदीय दलका नेताको हैसियतले दाहाल गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री भए ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बरालका अनुसार १० वर्षे सशस्त्र विद्रोहको नेतृत्व गरेर आएपछि ६० को दशकको सुरुतिर देश हल्लिन्थ्यो । दाहाल शक्तिशाली नेता थिए । तर, पछिल्ला चुनावको जनमतलाई विश्लेषण गर्ने हो भने दाहाल नेतृत्वको दल माओवादी क्रमशः कमजोर बन्दै गएको छ । २०७० सालको संविधानसभा चुनावमा दाहालको दल माओवादीले १७ प्रतिशतमात्रै मत पायो । झण्डै आधाले जनमत घट्यो ।

२०७४ मा भएको प्रतिनिधिसभा चुनावमा अझ घटेर १३ प्रतिशत मतमा माओवादी सीमित भयो । २०७९ को चुनावमा त झन् ११ प्रतिशतमात्रै जनमत प्राप्त गरेको छ । जनमतलाई विश्लेषण गर्ने हो भने माओवादी अध्यक्ष दाहाल पूरै बेचैनमा रहेको बरालले बताए । 'माओवादीको तीव्र क्षयीकरण छ । यो रोक्न माओवादीका लागि फलामको चिउरा हुने भयो । कति निर्वाचन थेग्ने हुन् ?,' उनले प्रभावसँग भने ।

निर्वाचनमा घट्दो जनमतलाई हेर्दा माओवादी संकटतिर उन्मुख छ । एक्लै अर्को चुनाव लड्न माओवादीले सक्छ कि सक्दैन ? प्रश्न उब्जिएको छ ।

माओवादीको शक्ति क्षयीकरण हुनुमा पार्टी विभाजन मुख्य कारण मानिन्छ ।

(क्रमशः पृष्ठ २ मा)

## राजीनामा दिन दबाब

प्रधानमन्त्री पुष्पकमल दाहाललाई राजीनामा दिन संसद्बाट दबाब परेको छ । आइतबार नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरूले दाहाललाई छिटो राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न दबाब दिए । उनीहरूले बहुमत गुमेको अवस्थामा पनि प्रधानमन्त्री पदबाट राजीनामा नदिनु पदलोलुपसमेत भन्न भ्याए ।

एमाले सांसद योगेशकुमार भट्टराईले अल्पमतमा परेपछि राजीनामा दिनु प्रधानमन्त्री दाहालको राजनीतिक नैतिकता हुने बताए । उनले भने, 'बहुमत गुमेको अवस्थामा प्रधानमन्त्रीज्यू हुनुहुन्छ तर राजीनामा दिनुभएको छैन । उहाँले राजनीतिक नैतिकता देखाउनु आवश्यक छ ।'कांग्रेस सांसद सुनिल शर्माले पनि प्रधानमन्त्री दाहालले छिटो राजीनामा दिएर कांग्रेस-एमालेको सरकार गठनका लागि वातावरण बनाउनुपर्ने बताएका छन् । उनले प्रधानमन्त्री दाहाल अल्पमतमा पर्दा पनि पदमै रहन खोज्नु पदलोलुपबाहेक केही नभएको बताए । 'सरक्क राजीनामा दिएर अघि बढ्दा प्रधानमन्त्रीजीका लागि सबैभन्दा उत्तम विकल्प हो,' उनले भने, 'तर, पदलोलुपपना देखाउनुभयो ।'

संसद्मा शून्य र विशेष समयमा बोलेका कांग्रेस-एमालेका अधिकांश सांसदले प्रधानमन्त्री दाहाललाई राजीनामा दिन आग्रह गरेका थिए । कांग्रेस-एमालेले यही १७ असारमा सत्ता सहकार्यको समझदारी गरेका थिए । समझदारीअनुसार एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने छन् । तर, प्रधानमन्त्री दाहालले भने २८ असारमा विश्वासको मत लिने तयारी गरेका छन् । विश्वासको मत पाउने छाँट भने छैन । यसलाई कांग्रेस र एमालेले सत्ता लम्ब्याउने छाँट भनेका छन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

# 'फ्रि भिसा, फ्रि टिकट': न कार्यान्वयन, न कारबाही

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकमाथि आर्थिक भार परेको भन्दै मलेसियालगायत खाडी मुलुकहरूमा जान 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था लागू गरेको झण्डै दशक पुग्न लाग्यो । यस अवधिमा कति नेपाली श्रमिक फ्रि भिसा, फ्रि टिकट पाएर रोजगारीका लागि विदेश गए त्यसको छुट्टै अध्ययन अनुसन्धान गर्नुपर्ने अवस्था छ । तर वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार यो व्यवस्था लागू भएका मुलुकमा प्रक्रियागतरूपमा नै गएको देखिन्छ ।

विभागसँग कुन म्यानपावरले कति नेपाली श्रमिक फ्रि भिसा, फ्रि टिकटमा पठाए भन्ने तथ्यांक हुँदाहुँदै पुनः विवरण माग गरिएको छ । जबकि सम्बन्धित मुलुक हेर्ने नेपाली दूतावासबाट माग प्रमाणीकरण भई विभागबाटै पूर्वस्वीकृति लिएर म्यानपावरहरूले फ्रि भिसा, फ्रि टिकटमा श्रमिक पठाउने भन्दै विज्ञापन प्रकाशन गर्ने गर्छन् ।

विभागले यसरी आफूसँग रेकर्ड हुँदाहुँदै फेरि फ्रि भिसा, फ्रि टिकटमा कति श्रमिक पठायौ ? भनेर विवरण माग गर्नु 'निहुँ खोजाह प्रवृत्ति' भएको एक जना वैदेशिक रोजगार व्यवसायी बताउँछन् । 'कुनै पनि व्यवसायीले विवरण बुझाउनेवाला छैनन्,' उनले भने, 'यो विभागको व्यवसायीलाई दुःख दिने र निहुँ खोज्ने नियतमात्र हो ।' नेपाल वैदेशिक रोजगार व्यवसायी संघले फ्रि भिसा, फ्रि टिकटको विवरण नबुझाउन व्यवसायीहरूलाई 'सकुर्लर' नै जारी गरेको छ ।

यसरी विभाग र व्यवसायी आमनेसामने हुनुको अन्तर्य फ्रि भिसा, फ्रि टिकटको प्रभावकारी कार्यान्वयन नहुनु हो । फ्रि भिसा, फ्रि टिकट भने पनि म्यानपावर व्यवसायीले अवैधरूपमा श्रमिकसँग चर्को रकम असुल्दै आइरहेको विभिन्न अध्ययनले देखाएको छ । यो कुरा व्यवसायी स्वयंले पनि खुलेआम स्वीकार्ने गरेका छन् । जानकारहरूका अनुसार फ्रि भिसा, फ्रि टिकटको नाममा श्रमिक ठगीमा परिरहेको कुरा 'ओपन सेक्रेट' जस्तै छ । वैदेशिक रोजगारीमा जाने श्रमिकसँग म्यानपावर कम्पनीहरूले पैसा लिइरहेका छन् र सरकार देखेर पनि नदेखेझैं हेरिरहेको छ ।

> कोही मन्त्री वा कर्मचारीले चाहेरमात्र फ्रि भिसा, फ्रि टिकट कार्यान्वयन हुने अवस्था छैन । यसमा धेरै फ्याक्टरले काम गरेको छ, जसमा सरकारभन्दा व्यवसायी बढी पावरफुल देखिए, उनीहरूले यो नीतिमात्र नभई सरकारका कयौं नितिमा प्रभाव पारेका छन् । जसकारण यो व्यवस्था कार्यान्वयन हुन सकेको छैन ।
>
> ■ **रामेश्वर नेपाल**
> **आप्रवासनविज्ञ**

यसरी श्रमिकमाथि चर्को आर्थिक शोषण भइरहँदा सरकार लामो समयदेखि मूकदर्शक बनिरहेको सरोकारवालाको गुनासो छ । फ्रि भिसा, फ्रि टिकटको सन्दर्भमा सरकार न प्रभावकारी कार्यान्वयनमा उत्रन सक्छ, न नियम उलंघन गर्नेलाई कानुनी कारबाहीको दायरामा नै ल्याउन सक्छ । प्रत्येक पल्ट सरकार परिवर्तन भएसँगै शून्य लागत र फ्रि भिसा, फ्रि टिकटको वकालत हुने गरे पनि यसको निकास निकाल्न कसैले पहल गरेका छैनन् । व्यवसायीले फ्रि भिसा, फ्रि टिकटको व्यवस्था लागू गरेदेखि नै कार्यान्वयन गर्न नसक्ने भन्दै विरोध गर्दै आइरहेका छन् । सेवा शुल्क वृद्धि गर्नुपर्ने उनीहरूको माग छ । अहिले फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाउँदा बढीमा १० हजार रूपैयाँ सेवा शुल्क लिन पाउने व्यवस्था छ । यो रकम अपुग रहेको व्यवसायीहरूको भनाइ छ ।

सरकारले न आफूले लागू गरेको व्यवस्था कार्यान्वयन गरेको छ, न व्यवसायीले राखेका माग नै सम्बोधन गरेको छ । यस्तो भद्रगोल अवस्थाकाबीच वैदेशिक रोजगार क्षेत्र भने चलायमान छ । गत हप्ता वैदेशिक रोजगार व्यवसायी संघको ३२औं स्थापना दिवसमा सम्बोधन गर्ने क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले फ्रि भिसा, फ्रि टिकटको व्यवस्था चार प्रतिशतमात्रै कार्यान्वयनमा रहेको भन्दै म्यानपावर कम्पनीहरूले प्रत्येक वर्ष विदेश जाने श्रमिकबाट दुई खर्ब एक अर्ब ६० करोड रूपैयाँ गैरबैंकिङ च्यानलबाट उठाउने गरेका आफ्नो अध्ययनले देखाएको बताएका थिए । उनले गैरबैंकिङ च्यानलको शब्द प्रयोग गरे पनि व्यवसायीले श्रमिकबाट उठाएको रकम अवैध हो भन्न सकेनन् ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## दाहालको शक्तिमा...

२०६९ सालमा माओवादीबाट तत्कालीन उपाध्यक्ष मोहन वैद्य नेतृत्वमा ठूलो टिम अलग भयो । दोस्रो संविधानसभा चुनाव बहिष्कार गरेको वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीको निशानामा त्यसबेला दाहाल नेतृत्वको माओवादी पर्‍यो । जसले गर्दा माओवादी दोस्रो संविधानसभा निकै कमजोर देखिएको बराल बताउँछन् ।

३ असोज २०७२ मा संविधान जारी भएपछि डा. बाबुराम भट्टराई नेतृत्वमा अर्को ठूलो पंक्ति माओवादीबाट बाहिरियो । यसले माओवादी झन् कमजोर भयो । यसपछि ३ असार २०७५ मा एमालेसँग माओवादीको एकता नै भयो । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बन्यो । तर, २०७७ को फागुनमा नेकपा विभाजन भएपछि नेता रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्टसहितको एउटा पंक्ति एमालेमै रहे । यसले झन् माओवादी कमजोर भयो । माओवादीको शक्तिमा क्षयीकरण भएको माओवादी सचिव लिलामणि पोखरेलले बताए । 'हाम्रो जनमत घटेको भनेको हाम्रै नेताहरू पार्टीबाट अलगथलग हुँदा हो,' उनले भने, 'वैद्यजी, बाबुरामजीसँगै पछि बादलजीहरू पनि अलग भएपछि पार्टीको शक्ति कमजोर हुँदै गयो ।' माओवादीबाट अन्य थुप्रै नेताहरू बाहिएका छन् । पूर्वजनमुक्ति सेनाको ठूलो समूह एमालेमा छ । भिन्नै शक्तिको रूपमासमेत देखापरेको छ ।

यसरी विभक्त हुँदै जानुले पनि माओवादीको शक्तिमा ह्रास आएको बताइन्छ । ४ मंसिर २०७९ को निर्वाचनसम्म आइपुग्दा भने माओवादी धेरै सिटअन्तरले तेस्रो दलीय हैसियत (३२ सिट)मा छ । तैपनि दाहाल १० पुस २०७९ यता लगातार प्रधानमन्त्री छन् । तर, उनको पद यही २८ असारदेखि गुम्ने निश्चित छ । उनी यस्तो अवस्थामा छन् कि कांग्रेस-एमालेबीच सत्ता सहकार्य कसिलो ढंगको भयो भने दाहालले वैकल्पिक गठबन्धन बनाउन सक्ने अवस्था नै हुँदैन । यसले गर्दा डेढ दशकअघि नेपालको संसदीय राजनीतिक इतिहासमा शक्तिशाली भएका नेता दाहाल जनमत गुमेको गुमेकै गर्दा कमजोर देखिएका छन् ।

### राजकीय पद गुमाउँदै

एकताका निकै शक्तिशाली दाहाल यसपटक प्रधानमन्त्रीको कुर्सीबाट लुसुक्क ओर्लिनुपर्ने अवस्थामा छन् । उनीबाहेक थुप्रै नेता कार्यकर्ताले पनि संघ र प्रदेश सरकारका राजकीय पद गुमाउनुपर्ने भएको छ । दाहाल नेतृत्वको संघीय सरकारबाट अर्थमन्त्री वर्षमान पुन, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, सञ्चारमन्त्री रेखा शर्मा र पर्यटनमन्त्री हितबहादुर तामाङ बाहिरिने छन् । संघको योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र सदस्य रामकुमार फुँयालको पद पनि गुम्ने छ ।

मधेस प्रदेशबाट शनिबार नै मन्त्रीहरू बर्खास्तीमा परिसकेका छन् । माओवादी केन्द्रबाट मन्त्री बनेका अर्थमन्त्री भरतप्रसाद साह र उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराईलाई शनिबार विश्वासको मत लिनुअघि मुख्यमन्त्री सतीशकुमार सिंहले बर्खास्त गरेका हुन् । कोशीमा एमाले-माओवादीको सरकार छ । उक्त सरकारमा भौतिक पूर्वाधारमन्त्री गणेश उप्रेती, पर्यटन, वन तथा वातावरणमन्त्री नारायण मगर (बुर्जा), पर्यटन, वन तथा वातावरण राज्यमन्त्री बन्दना झाँगर, स्वास्थ्यमन्त्री राजेन्द्र कार्कीले छिट्टै सरकारबाट बाहिरिनुपर्ने हुन्छ ।

बागमती प्रदेशमा माओवादीले सरकारको नेतृत्व गरिरहेको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेल र तीन मन्त्री सरकारबाट बाहिरिनुपर्ने स्थिति आएको छ । सरकार अल्पमतमा परिसकेकाले मुख्यमन्त्री जम्कट्टेलले राजीनामा दिन्छन् वा संसद् सामना गर्छन् ? निश्चित भइसकेको छैन । तर, बागमती सरकार ढल्ने र मुख्यमन्त्रीसहित आर्थिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, सामाजिक विकासमन्त्री कुमारी मोक्तान र भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल सरकारबाट बाहिरिने पक्काजस्तै छ ।

लुम्बिनी प्रदेश सरकारको नेतृत्व माओवादी केन्द्रका जोखबहादुर महराले गरेका छन् । ऊर्जा तथा सिँचाइमन्त्री कृष्णा केसी, स्वास्थ्यमन्त्री दिपेन्द्र पुन पनि बाहिरिनुपर्छ । लुम्बिनीका प्रदेश प्रमुख अमिक शेरचन पनि माओवादीबाट नियुक्त भएका हुन् । केन्द्रमा गठबन्धन फेरबदल भएपछि उनलाई पनि नयाँ बन्ने गठबन्धनले हटाउने सम्भावना छ ।

कर्णाली सरकारबाट पनि माओवादी बाहिरिने छ । एमाले नेता यामलाल कँडेल मुख्यमन्त्री रहेको कर्णालीमा माओवादीबाट महेन्द्रबहादुर केसी अर्थ, दुर्गाबहादुर रावत वन तथा पर्यटन, रणसिंह परियार ऊर्जा तथा जलस्रोत, वीरबहादुर शाही सामाजिक विकासमन्त्री छन् । त्यहाँ तिलक परियार माओवादीबाट प्रदेश प्रमुख छन् । उनको पद पनि धरापमा परेको छ । सुदूरपश्चिम प्रदेशमा एकीकृत समाजवादीका दीर्घ सोडारी मुख्यमन्त्री छन् । माओवादीबाट अक्कलबहादुर रावल जलस्रोत तथा सहरी विकास, लक्ष्मी विक शिक्षा, युवा तथा खेलकुद र ओमविक्रम भाट स्वास्थ्यमन्त्री छन् ।

■■■

## एक महिनामै ६२...

गृह मन्त्रालयको नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलअनुसार एक सातामा मुलुकको ११० स्थानमा पहिरो गएको छ । बाढीजस्तै पहिरोको पूर्वसूचनालाई प्रभावकारी बनाउन आवश्यक रहेको भूगर्भविद् डा. सुवोध ढकालले बताए ।

'राजमार्गमा पहिरोको सम्भावना बढी हुने भएकाले यात्रा गर्दा विशेष ध्यान दिउँ । जमिन चिरा देखिएमा तत्काल खाँदेर पुर्ने र पानी तर्काउने काम गरौं, नसकेमा सुरक्षित स्थानमा बस्ने, जथाभावी भल बग्ने गरेको छ भने सामान्य कुलो बनाई पानीलाई एकीकृत गरी तर्काउनुपर्छ,' उनले भने, 'तपाईं बस्ने स्थानमा पहिले पहिरो गएको छ भने निरन्तर निगरानी गर्ने, सुरक्षित स्थानमा बस्ने, जमिन अथवा पहरोमा अनौठो किसिमको कटकट आवाज सुनियो भने पहिरोको संकेत हुनसक्ने भएकाले सतर्क रही सूचना दिनुपर्छ ।'

उनका अनुसार सुकिसकेका कुवा धारामा एक्कासि पानी आउन थाल्यो वा पानी आउने धारा कुवामा पानी सुक्न थाल्यो भने जमिन हलचलको संकेत हुनसक्छ ।

### २७ सडकखण्ड अवरुद्ध

ललितपुरस्थित बागमती गाउँपालिकामा गएको पहिरोले कान्ति लोकपथ पूर्णरूपमा अवरोध भएको छ । संखुवासभास्थित मकालु गाउँपालिकामा गएको बाढीले दक्षिण कोशी राजमार्ग अवरुद्ध भएको प्रहरीले जनाएको छ । संखुवासभाकै भोटखोला गाउँपालिकामा बाढीले कोशी रोजमार्ग पूर्णरूपमा अवरुद्ध छ । सुनसरी बराहक्षेत्र नगरपालिका-१ मा गएको पहिरोले चतरा-बराहक्षेत्रको भित्री सडक अवरुद्ध छ ।

रसुवास्थित आमाछोदिंगो गाउँपालिका-५ मा गएको पहिरोले स्याफ्रुबेसी-थाम्बुचेत सडकखण्ड पनि पूर्णरूपमा अवरुद्ध भएको छ । चितवनस्थित इच्छाकामना गाउँपालिका-३ मा गएको पहिरोले पृथ्वीराजमार्ग एकतर्फी सञ्चालन छ । मकवानपुरस्थित भीमफेदी गाउँपालिका-४ मा गएको पहिरोले हेटौंडा-भिमफेदी-काठमाडौं राजमार्ग एकतर्फी सञ्चालन छ । सोही गाउँपालिका-८ को पहिरोले कान्ति लोकपथ एकतर्फी सञ्चालनमा छ । काभ्रेको रोशी गाउँपालिकामा गएको पहिरोले बिपी राजमार्ग एकतर्फी सञ्चालन भएको छ ।

मनाङको चामे गाउँपालिकामा गएको बाढीले चामे-बेंसीसहर सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । म्याग्दी बेनी नगरपालिका-४ मा गएको पहिरोले बेनी-दरबाङ सडक अवरुद्ध छ भने कुश्मा नगरपालिकामा गएको पहिरोले बेनी-जोमसोम सडक अवरुद्ध छ । पर्वतको मुलढुंगा बेनी सडक र सिद्धार्थ राजमार्ग एकतर्फीरूपमा सञ्चालनमा छ । तनहुँको म्याम्दे गाउँपालिकामा गएको पहिरोले पृथ्वीराजमार्ग एकतर्फी सञ्चालनमा छ । नवलपरासीपूर्वको कालीगण्डकी करिडोर र बागलुङको मध्यपहाडी लोकमार्ग पहिरोकै कारण पूर्णरूपमा अवरुद्ध छ ।

प्यूठानको स्याउलीवा बाग्दुला र भालुवाङ दाङ प्यूठान सडकखण्ड बाढी, पहिरोका कारण अवरुद्ध छ । यसैगरी पाल्पाको सिद्धार्थ राजमार्ग, तम्घास-बुटबल सडक, कालीगण्डकी करिडोर एकतर्फी सञ्चालन भएको छ । गुल्मीको रिडी-बाग्लुङ सडकखण्ड, कालीगण्डकी करिडोर सडक, मदन भण्डारी राजमार्ग र अर्घाखाँचीस्थित गोरुसिंगे सन्धिखर्क सडकखण्ड, पाल्पा अर्घाखाँची सडकखण्ड पनि अवरुद्ध छ । रोल्पाको सहिद राजमार्ग अवरुद्ध छ । दाङको घोराही-तुल्सीपुर सडकखण्ड एकतर्फी भएको छ ।

कालीकोटको कर्णाली राजमार्ग अवरुद्ध छ । अछामको साँफे-मार्तडी, बैतडीको जयपृथ्वी राजमार्ग र डडेलधुराको भिमदत्त राजमार्ग पूर्णरूपमा अवरोध पुगेको छ । बैतडीको बझाङ-खोड्पे बैतडी सडकखण्ड र बाजुराको साँफे मार्तडी सडकखण्ड भने एकतर्फी रूपमा सञ्चालन रहेको नेपाल प्रहरीले जनाएको छ । *रासस*

■■■

## फ्रि भिसा...

न त उनले त्यस्ता व्यवसायीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता नै व्यक्त गर्न सके । उल्टै फ्रि भिसा, फ्रि टिकटको विकल्प खोज्न आफ्नो कार्यदलले काम गरिरहेको बताए ।

यो व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा लान नसक्नु सरकार र व्यवसायीबीचको शक्ति संघर्ष मुख्य कारण रहेको श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले बताए । 'कोही मन्त्री वा कर्मचारीले चाहेरमात्र फ्रि भिसा, फ्रि टिकट कार्यान्वयन हुने अवस्था छैन,' उनले भने, 'यसमा धेरै फ्याक्टरले काम गरेका छन्, जसमा सरकारभन्दा व्यवसायी बढी पावरफुल देखिए, उनीहरूले यो नीतिमात्र नभई सरकारका कयौं नितिमा प्रभाव पारेका छन्, जसकारण जुन समयदेखि कार्यान्वयनमा जानुपर्ने हो त्यसो हुन सकेको छैन ।' शक्ति असन्तुलनकै कारण गलत कार्य गरेको थाहा हुँदाहुँदै पनि सरकारले म्यानपावर व्यवसायीमाथि कारबाही गर्न नसकेको नेपालले प्रस्ट पारे । उनका अनुसार यो बेथिति अन्त्य गर्न केही मन्त्री, सचिव र महानिर्देशक (डिजी) लागि नपरेका होइनन् । तर व्यवसायीको शक्तिसामु उनीहरूको केही लागेन । 'पावर इम्व्यालेन्सकै कारण सरकार कायमै रहे पनि मन्त्री हटाइएको उदाहरण छ, हाम्रै अगाडि नीति नियम कार्यान्वयन गर्न र उल्लंघन गर्नेलाई कारबाही गर्न खोज्दा सचिव र डिजीको पटक-पटक सरुवा गरेको देखेका छौं,' उनले भने ।

फ्रि भिसा, फ्रि टिकट कार्यान्वयन हुन नसक्नुमा भ्रष्टाचारले पनि मद्दत पुर्‍याएको नेपालले बताए । श्रमिकमैत्री नीति लागू गराउन जबसम्म सरकार निर्मम हुन सक्दैन तबसम्म फ्रि भिसा, फ्रि टिकटको कार्यान्वयन र नियमविपरीत कार्य गर्नेलाई कारबाही गर्ने वातावरण नबन्ने उनको भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WATEED INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८१/03/२१ LT. No. 307224 चलानी नं. ६०२२१९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1900 | ६७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ७५ असार २२ गते २०८१ मा प्रकाशित **Mobhira H.R. Service Pvt. Ltd.** को Lot No. **307270** को **Korea Gwan Restaurantco.** कम्पनीको विज्ञापनमा **Office Boy** पदको **पुरुष कामदारको संख्या** १ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२४**

यस जलकन्या सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई धप्सार, हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल र असना जातको गोलिया थान २२० को ३२८०.५५ क्यूफि गोलिया काठ र १.०० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री जलकन्या सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- ६, सिन्धुली**

### अधिकृत वारेसनामा बदरको सूचना

उपरोक्त सम्बन्धमा अधिकृत वारेसनामा दिने म बखतबहादुर कार्कीको छोरी नारायणविक्रम थापाको श्रीमती सिन्धुली जिल्ला लाम्पनटार गा.पं. वडा नं. १ को परिवर्तित तिनपाटन गाउँपालिका वडा नं. १० घर भइ काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं १० वस्ने वर्ष ५८ की पुष्टकुमारी कार्की (ना.प्र.प.नं. २३५७, जारी मितिः २०४३/१०/०२, जारी जिल्लाः सिन्धुली) हस्तवहादुर थापाको नाती,नारायणविक्रम थापाको छोरा सिन्धुली जिल्ला कमलामाई न.पं. ४ घर भइ काठमाडौं जिल्ला, का.म.न.पा वडा नं १ वस्ने वर्ष ३१ को भुवन थापा (ना.प्र.प.नं. २०१०५४११५३४/५७६७ जारी मितिः २०६५।०७।१७, जारी जिल्लाः सिन्धुलीका नाममा दिएको वारेस पुष्टकुमारी कार्कीको नाममा दर्ता कायम रहेको सिन्धुली जिल्ला साविक सिद्धेश्वर गा.वि.स. वडा नं. ४ण कि.न क्रमश ७३१,७३०,७३३,७३४,७२२ बाट बाँकी रहेको जग्गा राजीनामा बकसपत्र लगायत अन्य जुनसुकै व्यहोराबाट हक छाड्ने काम गर्न मेरो तर्फबाट तपाई भुवन थापालाई मुलुकी देवानी कार्यविधि संहिता २०७४को परिच्छेद ११को दफा ४२५(१) तथा मुलुकी देवानी संहिता २०७४को परिच्छेद १३को दफा १५४ बमोजिम श्री काठमाडौं जिल्ला अदालतको मिति २०८०/०५/०१ गते प्रमाणित भएको उक्त अधिकृत वारेसनामा आजको मिति देखी लागु हुने गरी बदर गरिएको सूचित गरिन्छ ।

**अधिकृत वारेसनामा बदर गर्ने**
**पुष्टकुमारी काकी**
**काठमाडौं जिल्लाको बुढानिकण्ठ न.पा.वडा नं.१०**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५७/०५/०७ मा दर्ता भएको **प्रा.लि. नं. १३६७५** को **सर्कल फोर ट्रेड लिंक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२४**

यस ब्रह्मठाकुर सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई रांगे दोभान, हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल र असना जातको गोलिया थान १४५ को १७०५.४९ क्यूफि गोलिया काठ र १.०० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री बह्मठाकुर सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- ६, सिन्धुली**


### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Meridian Overseas P.ltd.** इजाजत नम्बर ६१३/०६२/०६३ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | नागरिकता नं. |
|---|---|---|
| १. | बुद्धराज कार्की | ०१-०१६३४९ |
| २. | मन्जु शाक्य | ३६०२९ |
| ३. | सृजना श्रेपठ | ३७२०२४-४८१८६ |
| ४. | अनुज शाक्य | २४६७७-३४७-०४४ |
| ५. | लिला भण्डारी | २११०२३-२८३१६ |
| ६. | बिपना खड्का | २६-०१-७३-०१०४४ |
| ७. | अश्मी गुरुङ | ४३-०१-७४-०६६१० |
| ८. | शर्मिला पुन | |

**MERIDIAN OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-014970463, 9851054401
श्रम इजाजत नं. ६१३/०६२/०६३

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोनः ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २४ गते २०८१, सोमबार

**मेष** आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ ।

**वृष** कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ ।

**मिथुन** काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न

**कर्कट** व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ ।

**सिंह** विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ ।

**कन्या** परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ ।

**तुला** सुझबुझले काम सल्टाउनु उचित हुनेछ ।

**वृश्चिक** कमजोरी र थकानले काममा मन नलाग्न सक्छ ।

**धनु** समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ ।

**मकर** नयाँ रोजगारीको सम्भावना छ ।

**कुम्भ** दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ ।

**मीन** सहजता विचार्दै आफूलाई अघि सारिनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २४ गते, २०८१, ०८ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२८ | १३३.८८ |
| युरो | १ को | १४४.२४ | १४४.८८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.४४ | १७१.२१ |
| स्विस फ्रैन्क | १ को | १४८.२६ | १४८.९३ |
| अस्ट्रेलियन डलर | १ को | ८९.७५ | ९०.१५ |
| क्यानाडियन डलर | १ को | ९७.९२ | ९८.३६ |
| सिँगापुर डलर | १ को | ९८.७१ | ९९.१६ |
| जापानी येन | १० को | ८.२९ | ८.३२ |
| चिनियाँ युआन | १ को | १८.३४ | १८.४२ |
| साउदी अरब रियाल | १ को | ३५.५३ | ३५.६९ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६४ | ३.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२९ | ३६.४५ |
| मलेसियन रिङेट | १ को | २८.३० | २८.४३ |
| दक्षिण कोरियन वन | १०० को | ९.६५ | ९.६९ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.३४ | १९.४२ |
| हङकङ डलर | १ को | १७.०६ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३५.४१ | ४३७.३७ |
| बहराइन दिनार | १ को | ३५३.५५ | ३५५.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधधाललचदायचनालज मा उपलब्ध हुनेछ ।

# विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सांसदको ध्यानाकर्षण



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका सांसदहरूले निरन्तरको वर्षासँगैको बाढी र पहिरोबाट सिंगो मुलुक प्रभावित भएकाले प्रतिकार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा उनीहरूले नागरिकको जीउधनको रक्षा गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिँदै विपद्मा परेका नागरिकको उद्धार तथा राहत वितरणलाई प्रभावित बनाउन माग गरे ।

सांसद शंकर भण्डारीले मुलुकभर विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहन सरकारसँग आग्रह गरे । '७७ वटै जिल्लामा सम्भावित जोखिमको पूर्वानुमान गरेर उद्धारलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । नागरिकको जीउधनको रक्षा गर्न सरकार गम्भीर हुनुपर्छ,' उनले भने ।

सांसद नारायणप्रसाद आचार्यले पाल्पाको निस्दी, पूर्वखोला, माथागढी, रम्भा र रैनादेवी छहरालगायत ग्रामीण क्षेत्रमा सडक र विद्युत् सेवा अवरुद्ध भएको जानकारी दिँदै अत्यावश्यक सेवा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद हितराज पाण्डेले लगातारको वर्षाका कारण देशका विभिन्न भागमा जनधनको क्षति भएको जनाउँदै विपद्मा परेका नागरिकको उद्धार तथा राहत वितरणमा केन्द्रित हुन सरकारको ध्यानाकर्षण गराए ।

बाढी र पहिरोमा परी निधन भएकाप्रति श्रद्धाञ्जली प्रकट गर्दै बेपत्ताको खोजी गर्न तथा घाइतेको उपचारको प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गराए । सांसद सूर्यबहादुर थापा क्षेत्रीले मनसुनजन्य विपद्मा परेका नागरिकको उद्धार तथा राहतमा सरकारको ध्यान पुग्न नसकेको बताए । बर्सेनि दोहोरिने विपद्का घटना न्यूनीकरण गर्न सरकारले विशेष योजना बनाउनुपर्नेमा जोड दिँदै उनले वर्षाका कारण अवरुद्ध सडक व्यवस्थित गर्न सरकारले ध्यान दिनुपर्ने बताए ।

सांसद छिरिङल्हामु लामा तामाङले वर्षाका कारण सडक भास्सिँदा कर्णाली राजमार्ग अवरुद्ध भएको जनाउँदै अवरुद्ध सडक तत्काल सञ्चालनका लागि सरकारको ध्यानाकर्णण गराइन् । सांसद अब्दुल खानले विकास निर्माणका परियोजनालाई प्राकृतिक प्रकोप प्रतिरोधी बनाउन माग गरे । सांसद राजु थापाले अविरल वर्षाका कारण सिंगो मुलुक प्रभावित भएको उल्लेख गर्दै प्रतिकार्यका कार्यक्रमलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराए ।

## विपद् व्यवस्थापनमा सक्रिय हुन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले प्राकृतिक विपद्बाट पीडित नागरिकको उद्धार तथा उनीहरूलाई राहत सामग्री वितरणमा सक्रिय हुन निर्देशन दिएका छन् । आइतबार एक वक्तव्य जारी गर्दै उनले बाढीपहिरोका कारण देशका विभिन्न भागमा भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गरेका छन् ।

प्रधानमन्त्री दाहालले बाढीपहिरोबाट हुनसक्ने क्षति र जोखिम कम गर्न आवश्यक पूर्वतयारीका काम भइरहेको बताएका छन् । उनले सुरक्षा सतर्कता अपनाउन सम्पूर्ण नागरिकमा अनुरोध गरेका छन् । प्रधानमन्त्री दाहालले सरकारको प्रयासमा सार्थक हातेमालोका निम्ति सम्पूर्ण राजनीतिक दल, नागरिक समाज र सामाजिक संस्थाहरूसँग अनुरोध पनि गरेका छन् ।

# एकैदिन बाढीसम्बन्धी ३४ लाख एसएमएस सम्प्रेषण

**काठमाडौं–** जल तथा मौसम विज्ञान विभागले २४ घण्टामा ३४ लाख एसएमएस सर्वसाधरणलाई सम्प्रेषण गरेको जनाएको छ । विभागले नेपाल टेलिकम र एनसेलसँगको सहकार्यमा शनिबार मध्याह्न १२ देखि आइतबार १२ बजेसम्म मुलुकको विभिन्न स्थानमा परेको वर्षासँगै बाढी तथा पहिरोसम्बन्धी जानकारी दिन ३४ लाखभन्दा बढीलाई एसएमएस सम्प्रेषण गरेको हो ।

विभागका प्रवक्ता सुनिल पोखरेलले बाढीबाट हुनसक्ने धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यले जनचेतनाका लागि एकै दिनमा ३४ लाखको हाराहारीमा सर्वसाधरणलाई एसएमएस पठाएको जानकारी दिए । 'बाढीको जोखिम भएका क्षेत्र आसपासमा बस्ने सर्वसाधरणलाई सचेत गराउन हामीले एसएमएस पठाएका हौं,' उनले भने, 'सर्वसाधारणको मोबाइलमा एसएसएस पठाएपछि जोखिममा परेका सुरक्षित स्थान जान सक्छन्, जोखिमयुक्त क्षेत्रमा आवतजावत गर्दा सचेतना अपनाउन सकिन्छ भनेर एसएमएस पठाउने गरेका छौं ।'

विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले यस वर्ष विभागले मनसुनजन्य घटना तथा जानकारीसम्बन्धी करिब ९० लाख एसएमएस सर्वसाधरणलाई पठाउने योजना बनाएको जानकारी दिए । 'प्रत्येक दिन बिहान ६ बजे र बेलुकी ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौं, यसले तीन दिनसम्मको मौसमसम्बन्धी जानकारी दिन सहयोग गरेको छ,' उनले भने ।

'बाढी र वर्षासम्बन्धी जानकारीका लागि टोल फ्रि नम्बर ११५५ र उद्धार तथा मद्दत माग्न ११४९ को व्यवस्था गरिएको महानिर्देशक कर्माचार्यले जानकारी दिए । बर्सेनि ९० लाख हाराहारीमा एसएमएस सम्प्रेषण गरेर मनसुनजन्य विपत्तिबाट हुने क्षति न्यूनीकरण गर्ने प्रयास गरेका भन्दै यस वर्ष पनि सोही मात्रामा सम्प्रेषण गरिने उनले बताए ।

विभागका महानिर्देशक कर्माचार्यका अनुसार विभागसँगको समन्वयमा नेपाल टेलिकम र एनसेलले बाढीको पूर्वसूचना उपलब्ध गराउन निःशुल्क एसएमएस प्रवाह गर्ने समझदारीपत्रमा हस्ताक्षर (एमओयू) भएको छ । *रासस*

## चमेनागृह सञ्चालन गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८१/०३/२४

यस प्रतिष्ठानका कर्मचारी तथा प्रशिक्षार्थीहरुलाई चिया-नास्ता तथा खाना खुवाउने, समय समयमा प्रतिष्ठानले आयोजना गर्ने सेमिनार/गोष्ठी र वाह्य संस्थाहरुले प्रतिष्ठानको विभिन्न भौतिक सुविधाहरु प्रयोग गरी आयोजना गर्ने कार्यक्रमहरुमा आवश्यकतानुसार ब्रेकफाष्ट, लन्च, डिनर समेतको व्यवस्था गर्न करार सेवामा प्रतिष्ठानको चमेनागृह मिति २०८१ श्रावणदेखि २ बर्षको लागि संचालन गर्न दिन परेकोले आयकर दर्ता, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र (नवीकरण भएका) प्राप्त इच्छुक नेपाली नागरिक तथा इजाजत प्राप्त फर्म वा संस्थाहरुबाट रीतपूर्वक गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । दरभाउपत्र फाराम रु.१,०००।- (एक हजार) फिर्ता नहुने गरी प्रतिष्ठानको जिन्सी शाखाबाट प्राप्त गर्न सकिनेछ । दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा प्रतिष्ठानबाट शिलबन्दी दरभाउ पत्र खरिद गरी १६ औं दिन १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । उक्त दिन विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा दर्ता गर्नु पर्नेछ । विस्तृत जानकारी प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**
**फोन नं. ५४२१०२१, ५४२५३४६**

## आकार कम्प्लेक्स प्राइभेट लिमिटेडको आ.व. आ.व. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१।३।२४

मिति २०८१/०३/२३ गते बसेको आकार कम्प्लेक्स प्रा.लि. (प्रा.लि.नं १४००३१/०७२/०७३) को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार कम्पनीको आ.ब. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति समय र स्थान**

सभा हुने मिति : २०८१ साल साउन ८ गते, मंगलबार
सभा हुने समय : विहान ९:०० बजे
सभा हुने स्थान : कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २७, महाबौद्ध ।

**छलफलको विषय :**

(क) सामान्य प्रस्ताव
१. कम्पनीको आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. कम्पनीको आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको गठन तथा नियुक्ति गर्ने एवं पदावधि निर्धारण गर्ने बारे ।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले
सञ्चालक अध्यक्ष

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/२४ गते)

श्री जयपति पाण्डे नाती, श्री पुण्डरी प्रसाद पाण्डे/श्रीमती केशरी पाण्डेको छोरा, विष्णु माया पाण्डेको पति नवलपरासी जिल्ला देउराली गा.वि.स वडा नं. ६ स्थाई ठेगाना भई हाल हुप्सेकोट गाउँपालिका वडा नं ०४, झ्यालवास बस्ने श्री युग प्रसाद पाण्डेको मिति २०८१/०२/०७ गतेमा मुत्यु भएकोले निजको नाममा यस बैंकको हुप्सेकोट शाखामा रहेको बचत खाता नं. २६८०२३८६००६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती विष्णु माया पाण्डेले यस बैंकको हुप्सेकोट शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हुप्सेकोट, नवलपरासी फोन नं ०७८५९०७८३/८४

## नाम तथा ठेगाना परिवर्तन सम्बन्धि सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०८१/०३/२४)

साविकको वर्षा इङ्गलिस मिडियम स्कुल बर्दिया प्रा.लि., गुलरिया-३, बर्दिया को मिति २०८१/०३/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम र ठेगाना परिवर्तन भई जुनियर सिटिजन्स एकेडेमी पर्सा प्रा.लि.ठेगाना: बिरगंज-२६, पर्सा कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

जुनियर सिटिजन्स एकेडेमी पर्सा प्रा.लि.
बिरगंज-२६, सुगौली-बिर्ता, पर्सा

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२४**

यस लालीगुरास सा.व.उ.स तिनपाटन गापा-१० सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल लगाएत विभिन्न जातको गोलिया थान २०८ को २७३३.९६ क्यूफि गोलिया काठ र १ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ (संसोधित २०८१) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री लालीगुरास सा.व.उ.स. तिनपाटन गापा (१) सिन्धुली**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLARK TRADING & CONTRACTING CO. W.L.L.

पुर्व स्वीकृति मिति २०८०/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२३ | LT. No. : 288961 | चलानी नं. ६०२०४३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE MAKER | 1 | 0 | 1100 | ४०,२७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SECRETARY | 1 | 0 | 2500 | ९१,५३० | | | | | | | |
| 3 | PIPE FITTER | 1 | 0 | 1100 | ४०,२७३ | | | | | | | |
| 4 | Brick Mason | 1 | 0 | 1100 | ४०,२७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW TOP GRADE CLEANING HOSPITALITY AND TRADING

पुर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. : 307294 | चलानी नं. ६०२२१९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 2 | 0 | 1300 | ४७,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५३० | | | | | | | |
| 3 | General Clean Worker | 3 | 0 | 1000 | ३६,६१० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३६,६१० | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2200 | ८०,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## Free Visa!! Free Ticket!!
## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SODEXO/SOCAT QUALITY OF LIFE SERVICES

पुर्व स्वीकृति मिति २०७९/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/२३ | LT. No. 268824 | चलानी नं. ६०१८४६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook-General | 1 | 0 | 150 | ५१,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194839, 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHAITH EASTERN CONTRACTING EST.

पुर्व स्वीकृति मिति: २०८१/०३/२१ | LT. No. 307096 | चलानी नं. ६०२२१९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1800 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 4 | 0 | 1100 | ३९,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. (Govt. License 1031/068/69)
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HADI OBAID AL-QAHTHANI CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307245 | चलानी नं. ६०२२१९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARROCO LOOTSHY LADIES BEAUTY SALON CO.

पुर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307293 | चलानी नं. ६०२२१९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technician | 0 | 2 | 150 | ६५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### राजधानीमै डुबानले सास्ती

**मुलुकको संघीय राजधानी काठमाडौंको विभिन्न क्षेत्र शुक्रबार दिउँसोदेखिको अविरल वर्षाले अस्तव्यस्त बने । काठमाडौंको बागमती, विष्णुमती, धोबीखोला, मनोहरा तथा हनुमन्ते खोला/नदीमा जलसतह बढ्दा खोला किनारका बस्ती डुबानमा परे । बाढीका कारण करिडोरका सडक जलमग्न भए । त्यस्तै, नदीमा जलस्तर बढेसँगै आसपासका बस्ती डुबानमा पर्नुका साथै व्यावसायिक क्षेत्रहरूमा लाखौंको क्षति भएको छ ।**

**मौसम पूर्वानुमान महाशाखाका अनुसार सोमबार (आज)सम्मै पानी पर्ने सम्भावना छ । यसले गर्दा अझै पनि राजधानी काठमाडौंका विभिन्न क्षेत्र डुबानमा पर्ने सम्भावना छ। यो यसै वर्षमात्रै भएको भने होइन। बर्सेनि काठमाडौंको विभिन्न क्षेत्रका डुबान पर्ने गरेको छ। जति सरकार फेरिए पनि काठमाडौंको डुबान समस्या हटाउन काम गर्न सकेन। जबकि, संघीय सरकारको सबै संयन्त्र यहीं छन् । चर्चामा रहेका मेयर बालेन्द्र साह नेतृत्वको काठमाडौं महानगरपालिका छ । यस्तो अवस्थाबीच काठमाडौंमै डुबान पर्नु लज्जाको विषय हो ।**

**उसो त गत जेठको तेस्रो साता १८ लाख नेपाली मनसुनजन्य विपद्बाट प्रभावित हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले अनुमान गरेको थियो । त्यसमा सम्भावित विपद्मा डुबान पनि भनिएको थियो । जुन काठमाडौं उपत्यकाले पनि सामना गर्नुपरेको छ । काठमाडौंमै डुबान पर्ने समस्याले एकातिर काठमाडौं कस्तो छ ? त्यसको सजीव चित्र डुबानले देखाएको छ । काठमाडौंबाहेक देशका अन्य ठाउँको झन् कस्तो होला स्थिति ? उल्लेखनीय भएको छ। यसले गर्दा काठमाडौं उपत्यकामा बग्ने बागमती, विष्णुमती, रुद्रमतिलगायतका जलाधार क्षेत्रमा नदीको क्षेत्र मिच्नेगरी बनाइएका संरचनाहरू हटाइनुपर्छ । प्राकृतिकरूपमै खोलालाई फर्काइनुपर्छ । सुकुम्बासी होस् वा भूमिहीनलगायतको नाममा खोला तथा नदी किनारमा निर्मित संरचना पनि हटाइनुपर्दछ। त्यसो गरिए बर्सेनि डुबानमा पर्ने समस्या न्यून हुनसक्छ। जनधनको क्षति पनि कम हुन्छ ।**

**भारी वर्षाका कारण काठमाडौंको ढुंगेधारा क्षेत्र, गौरीघाट, गुह्येश्वरी, कपन, सामाखुसी, अनामनगर, शंखमुललगायतका क्षेत्र डुबानमा परेका छन्। उपत्यकाकै भक्तपुर र ललितपुरका विभिन्न स्थान पनि डुबानमा परे। भारी वर्षाका कारण सडक, घर, विद्यालय क्षेत्र जलमग्न हुँदा जनजीवन प्रभावित भएको छ। काठमाडौंको डुबान समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्न सरकारका निकायहरूले अझ बढी मिहेनत गर्नुपर्छ। संघीय सरकार र स्थानीय तहबीच आवश्यक समन्वयमा यो समस्याको निराकरण गर्न आवश्यक छ । राजधानीबासीले बर्सेनि डुबानको समस्या बेहोर्नुपर्ने अवस्थाको अन्त्य गरियोस् ।**

## मननयोग्य

### विदुर नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमश:

# महामारीले ल्याउने विश्व संकट



■ डा. अमृत बस्नेत

> महामारीले जनसंख्याको ठूलो हिस्सालाई असर गर्छ । महामारीका नतिजाहरु दूरगामी र बहुआयामिक हुन्छन्, जसले समाजका विभिन्न पक्षहरूलाई असर गर्छन् । महामारीहरूले बिरामी र मृत्युदरमा उल्लेखनीय वृद्धि गर्छन् । अस्पताल र क्लिनिकहरूले चिकित्सा आपूर्ति, उपकरण र कर्मचारीहरूको अभाव सामना गर्न सक्छन्, जसले उपचारको गुणस्तर घटाउँछ । महामारीबाट बचेकाहरूले दीर्घकालीन स्वास्थ्य समस्याहरूबाट ग्रस्त हुन सक्छन् । दीर्घकालीन थकान, अंग क्षति, मधुमेह, रगतको मात्रामा गिरावट, रगत जम्ने, प्लेट्लेट्सको मात्रा घट्ने, हृदयघात, स्ट्रोक, स्नायुसम्बन्धी समस्याहरु, रोग प्रतिरक्षा शक्तिमा ह्रास कोभिडपछिका अवस्थामा देखिएका छन् ।

महामारी भनेको एउटा रोग वा संक्रमण हो, जसले विश्वव्यापीस्तरमा वा ठूलो भौगोलिक क्षेत्रमा तीव्ररूपमा फैलिन्छ र धेरै संख्यामा मानिसलाई प्रभावित पार्छ । यसमा सामान्यतया नयाँ संक्रामक रोग समावेश हुन्छन्, जसमा मानिससँग संक्रमणसँग लड्ने प्रतिरक्षा कमजोर हुन्छ, जसले गर्दा व्यापक बिरामी/अस्वस्थ गराउँछ । महामारीले धेरै देशहरू वा महादेशलाई समेट्न सक्छ र रोगको फैलावटलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वित प्रतिक्रिया आवश्यक पर्छ ।

महामारीको घोषणा विश्व स्वास्थ्य संगठनद्वारा गरिन्छ । जब कुनै महामारी विभिन्न देशहरूमा व्यापकरूपमा फैलिन्छ र नियन्त्रण गर्न चुनौतीपूर्ण हुन्छ । महामारीले मानव जनसंख्यालाई गहिरोरूपमा प्रभाव पार्छ । विगतमा यस्ता थुप्रै महामारीहरू भएका छन् । सन् १६५-१८० को एन्टोनिन प्लेग, सन् ५४१-५४२ मा जस्टिनियन प्लेग, सन् ७३५-७३७ को जापनिज स्माल पक्स, सन् १३४७-१३५१ को ब्ल्याक डेथ महामारी, सन् १६२९-१६३१ को इटालियन प्लेग, सन् १९६५-१६६६ को ग्रेट प्लेग अफ लन्डन महामारी भएको थियो । यस्तै सन् १८१७-१९२३ को पहिलो हैजा, सन् १८२७-१८३५ को दोस्रो हैजा महामारी, सन् १८३९-१८५६ को तेस्रो हैजा, सन् १८६३-१८७५ को चौथो हैजा महामारी, सन् १८८१-१८८६ को पाँचौं हैजा महामारी, सन् १८८९-१८९० को रसियन फ्लू र सन् १८९९-१९३३ को छैटौं हैजा महामारी भएको थियो ।

सन् १९१८-१९१९ को स्प्यानिस फ्लू, सन् १९५७-१९५८ को एसियन फ्लू, सन् १९६१ देखि वर्तमानसम्म सातौं हैजा, सन् १९६८-१९७० को हङ्कङ फ्लु, सन् १९८१ देखि वर्तमानसम्म एचआइभी एड्स, सन् २००२-२००३ को सार्स कोरोना भाइरस-१, सन् २००९-२०१० को स्वाइन फ्लु, सन् २०१४-२०१६ को इबोला, सन् २०१५ देखि वर्तमानसम्म मर्स महामारी र सन् २०१९ देखि वर्तमानसम्म कोभिड-१९ महामारीलाई लिन सकिन्छ ।

महामारीले जनसंख्याको ठूलो हिस्सालाई असर गर्छ । महामारीका नतिजाहरू दूरगामी र बहुआयामिक हुन्छन्, जसले समाजका विभिन्न पक्षहरूलाई असर गर्छन् । महामारीहरूले बिरामी र मृत्युदरमा उल्लेखनीय वृद्धि गर्छन् । अस्पताल र क्लिनिकहरूले चिकित्सा आपूर्ति, उपकरण र कर्मचारीहरूको अभाव सामना गर्न सक्छन्, जसले उपचारको गुणस्तर घटाउँछ । महामारीबाट बचेकाहरूले दीर्घकालीन स्वास्थ्य समस्याहरूबाट ग्रस्त हुन सक्छन् । दीर्घकालीन थकान, अंग क्षति, मधुमेह, रगतको मात्रामा गिरावट, रगत जम्ने, प्लेट्लेट्सको मात्रा घट्ने, हृदयघात, स्ट्रोक, स्नायुसम्बन्धी समस्याहरू, रोग प्रतिरक्षा शक्तिमा ह्रास कोभिडपछिका अवस्थामा देखिएका छन् । गम्भीर रोग प्रसारका कारण प्रभावित हुने व्यक्तिहरूमा डिप्रेसन र पोस्ट-ट्रामाटिक स्ट्रेस डिसअर्डर विकास हुन्छ ।

महामारीहरूका कारण आर्थिक गतिविधिमा उल्लेखनीय मन्दी आउन सक्छ । धेरै व्यवसायहरू, विशेषगरी साना व्यवसायहरू बन्द हुन सक्छन्, जसले व्यापक रोजगारी गुम्ने र बेरोजगारी दरमा वृद्धि गराउँछ । लकडाउन, क्वारेन्टिन र आइसोलेसनजस्ता उपायहरूले सामाजिक एकान्तमा वृद्धि गर्छन्, जसले मानसिक स्वास्थ्यलाई असर गर्छ र मानसिक समस्याहरू जस्तै मन आत्तिने, चिन्ता र डिप्रेसनका घटनाहरू वृद्धि गर्छ । विद्यालय बन्दले शिक्षा प्रणालीमा अवरोध पुऱ्याउँछ । महामारीले प्रायः सार्वजनिक स्वास्थ्य नीतिहरू, आर्थिक प्रोत्साहन प्याकेजहरू र स्वास्थ्य सेवा नियमहरूमा परिवर्तनसहित महत्त्वपूर्ण सरकारी हस्तक्षेपहरू निम्त्याउँदछ ।

महामारीको कमजोर व्यवस्थापनले राजनीतिक अस्थिरता र नेतृत्वमा परिवर्तन ल्याउन सक्छ । घटाइएको औद्योगिक गतिविधि र यातायातले प्रदूषण र हरितगृह ग्यास उत्सर्जनमा अस्थायी कमी ल्याउन सक्छ । ठूलो जमघट समावेश गर्ने सांस्कृतिक र धार्मिक अभ्यासहरू परिवर्तन वा स्थगित हुन सक्छन्, जसले सामुदायिक र सांस्कृतिक जीवनलाई असर गर्न सक्छ । उपभोक्ता बानीहरूमा परिवर्तनहरू जस्तै डिजिटल प्लेटफर्महरू इ-सेवा, फोन पे, खल्ती र इ-बैंकिङमा बढेको निर्भरता, महामारीपछि पनि जारी रहन सक्छ । यसले दूरदराजका मानिसहरूमा समस्या उत्पन्न गराउन सक्छ । भाइरसको फैलावटलाई नियन्त्रण गर्न निगरानी प्रविधिहरूको प्रयोगले तथ्यांक गोपनीयता र नागरिक स्वतन्त्रताको बारेमा चिन्ता बढाउन सक्छ ।

महामारीको पूर्वतयारीले सम्भावित महामारीलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न, पत्ता लगाउन र प्रतिक्रिया दिन उपायहरू, योजना र कार्यान्वयन समावेश गर्दछ । रोगको प्रकोपहरू निगरानी गर्न बलियो विश्वव्यापी निगरानी प्रणालीहरू स्थापना र कायम गरिनुपर्दछ । विश्व स्वास्थ्य संगठनजस्ता संस्थाहरूले महामारी निगरानीमा निष्पक्ष र महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ । बिरामीहरूको संख्यामा भएको वृद्धिलाई व्यवस्थापन गर्न स्वास्थ्य प्रणालीको क्षमता वृद्धि गर्नुपर्छ । स्वास्थ्यकर्मीलाई संक्रमण नियन्त्रण अभ्यास र आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरूमा नियमितरूपमा प्रशिक्षण दिनुपर्दछ । व्यक्तिगत सुरक्षा उपकरण, मास्क, स्यानिटाइजर, औषधि र सुरक्षित खोपजस्ता आवश्यक चिकित्सकीय सुविधा उपलब्ध हुनुपर्छ । उन्नत उपकरण, उपचार र रोकथामका उपायहरू विकास र तैनाथ गरी ज्ञान र स्रोतहरू साझा गर्न अनुसन्धान र विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनुपर्छ ।

नवीनतम् वैज्ञानिक प्रमाण र उत्कृष्ट अभ्यासहरूमा आधारित सार्वजनिक स्वास्थ्य नीतिहरू लागू गर्नुपर्छ र नियमितरूपमा अद्यावधिक गर्नुपर्छ । रोकथाम उपायहरू, संक्रामक रोगका लक्षणहरू र प्रारम्भिक उपचारको महत्त्वको बारेमा समुदायलाई शिक्षित र संलग्न गराउनुपर्छ । महामारीहरूको लागि एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साझेदारी र समन्वय संयन्त्रहरूलाई बलियो बनाउनुपर्दछ । महामारीको पूर्वतयारीका लागि विश्वव्यापी स्वास्थ्य पहलहरूमा पर्याप्त रकम र स्रोतहरू छुटयाउनुपर्दछ । सुरक्षित खोप, औषधि र निदान उपकरणका लागि नियामक मापदण्डहरूको सामञ्जस्यतामा काम गर्नुपर्छ । विश्वासिलो स्रोतहरू र तथ्य जाँच संयन्त्रहरूमार्फत गलत सूचना र अफवाहहरू फैलिन दिनु हुँदैन ।

महामारीबाट प्रभावित व्यक्तिहरू र व्यवसायहरूलाई आर्थिक सहयोगको खाँचो पर्दछ । महामारीको समयमा जोखिममा रहेका जनतालाई सामाजिक सुरक्षा योजनाहरू बलियो बनाउनुपर्दछ । महामारीको समयमा सञ्चालन र आपूर्ति शृंखला कायम राख्न व्यवसायहरूलाई निरन्तरता योजना विकास गर्न प्रोत्साहन गर्नुपर्दछ। क्वारेन्टिन र आइसोलेसनजस्ता सार्वजनिक स्वास्थ्य उपायहरूलाई समर्थन गर्ने कानुनी ढाँचाहरू स्थापना र अद्यावधिक गरी स्रोतहरूको वितरण, उपचारको प्राथमिकता र अन्य महत्त्वपूर्ण निर्णयहरूको लागि स्पष्ट दिशानिर्देशहरू तयार गर्नुपर्ने हुन्छ ।

महामारीहरूले स्वास्थ्य क्षेत्र र चिकित्सकमा ठूलो दबाब पार्ने हुँदा स्वास्थ्य सेवा प्रणालीको बलियो पक्ष र कमजोरीहरू दुवै उजागर हुन्छन् । महामारीलाई प्रभावकारीरूपमा व्यवस्थापन गर्न पर्याप्त, प्रशिक्षित र लचिलो स्वास्थ्यकर्मीहरूको टिम सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। स्वास्थ्यकर्मीहरू, चिकित्सा विद्यार्थीहरू र स्वयंसेवकहरूलाई आवश्यक पर्दा परिचालन गर्न सकिन्छ। चिकित्सक स्वास्थ्यकर्मीहरूलाई संक्रमण नियन्त्रण अभ्यास, उच्च गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरणको विश्वसनीय आपूर्ति सुनिश्चित गर्नुपर्दछ र यसको सही प्रयोगमा प्रशिक्षण दिनुपर्दछ ।

नयाँ रोगहरूको उपचार प्रोटोकलहरूमा पनि निरन्तर प्रशिक्षण प्रदान गर्नुपर्दछ । चिकित्सक स्वास्थ्यकर्मीलाई आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरू परिचित गराउन नियमितरूपमा महामारी अनुकरण अभ्यासहरू सञ्चालन गर्नुपर्दछ । स्वास्थ्यकर्मीहरूको तनाव, चिन्ता र मानसिक थकान व्यवस्थापन गर्न मनोवैज्ञानिक समर्थन, परामर्श सेवाहरू र प्रशिक्षण कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। स्वास्थ्य सेवा सुविधाहरूभित्र बिरामी र कर्मचारीहरूको सुरक्षा गर्न संक्रमण नियन्त्रण प्रोटोकलहरू कडाइका साथ लागू गर्नुपर्दछ । प्रशासनिक कार्यहरू सुव्यवस्थित बनाउन र कार्यभार कम गर्न इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड र स्वचालित प्रणालीहरूजस्ता प्रविधिको प्रयोग गर्नुपर्दछ ।

> एक्काइसौं शताब्दीको वैज्ञानिक एआई युगमा सबै देशहरूसँग आ-आफ्नो हैसियतअनुसारका हातहतियारहरु छन् । त्यसैले विश्वका महाशक्ति राष्ट्रहरूले महामारीलाई हतियार बनाएर विश्व आर्थिक युद्धमा होमिन अनेक प्रयास र गुरुयोजनामा तल्लीन रहेका छन् । कोभिड-१९ पनि यसको एउटा ज्वलन्त उदाहरण हो । संयुक्त राज्य अमेरिका र चीनबीचको विश्व आर्थिक टकरावले गर्दा सन् २०१९ मा कोभिड-१९ महामारी ल्याइएको अनुमान गर्न सकिन्छ । विश्व आर्थिक टकरावले सन् २०३० मा फेरि नयाँ महामारी ल्याउने अनुमान गर्न सकिन्छ ।

चिकित्सक स्वास्थ्यकर्मीलाई उचित पारिश्रमिक र सुरक्षित काम गर्नेजस्ता प्रोत्साहन हुने खालका सरकारी नीतिहरू बन्नुपर्दछ । गैरमेडिकल कार्यहरूमा स्वास्थ्य सेवा सुविधाहरूलाई सहयोग गर्न समुदाय स्वयंसेवक कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यी तथ्यहरूका आधारमा नेपालका स्वास्थ्य सेवा प्रणालीहरूले महामारीका लागि प्रभावकारी तयारी गर्नुपर्ने देखिन्छ। स्वास्थ्य संकटको समयमा स्वास्थ्य सेवा वितरणलाई प्रभावकारी बनाउन तथा स्वास्थ्यकर्मी र बिरामीको मनोबल बलियो गराउन आवश्यक हुन्छ ।

महामारीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जनस्वास्थ्यलाई गम्भीररूपमा प्रभावित गर्छ । महामारीले जनसंख्या नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्न सक्छ तर विश्वका महाशक्ति राष्ट्रहरूले जान अनजानमा महामारीलाई अस्त्रको रूपमा प्रयोग गरी सामान्यतया जनसंख्या नियन्त्रण विधिहरूको रूपमा पनि प्रयोग गर्ने गरेका छन् । महामारीको समयमा आर्थिक अनिश्चितता, तनाव र स्वास्थ्य सेवामा अवरोधहरूले जन्मदरमा कमी ल्याउनसक्छ । भविष्यको चिन्ताका कारण व्यक्तिहरूले आफ्नो परिवार सुरु गर्न वा विस्तार गर्न ढिलाइ गर्न सक्छन् । महामारीले विशेषगरी वृद्धवृद्धा, बालबालिका वा दीर्घरोग भएकाहरूमा उच्च मृत्युदर निम्त्याउन सक्छ । यद्यपि, मृत्युदरमा भएको यो वृद्धिलाई सामान्यतया जनसंख्या नियन्त्रणको रूप मानिँदैन, किनकि यो जानाजानी मानव हस्तक्षेपको सट्टा रोगको परिणाम हो । महामारीले बसाइँसराइको ढाँचामा परिवर्तन ल्याउन सक्छ किनभने मानिसहरू प्रभावित क्षेत्रहरूबाट जोगिन वा राम्रो स्वास्थ्य सेवा पूर्वाधार भएका क्षेत्रहरूमा जान खोज्छन् । यी बसाइँसराइले विभिन्न क्षेत्रहरूको जनघनत्वलाई असर गर्न सक्छ।

संयुक्त राज्य अमेरिकामा प्रारम्भिक २०औं शताब्दीमा फेरि पोलियो देखापरेको थियो । सन् २००९ मा भारतमा पनि व्यापकरूपमा पोलियोका बिरामीहरू देखापरेका थिए । पोलियो महामारी नियन्त्रण गर्नलाई खोप उत्पादनमा बिल्स एण्ड मेलिण्डा फाउन्डेसनले सहयोग गरेको थियो । खोप लगाएका मानिसहरूमा व्यापकरूपमा प्यारालाइसिस देखापर्न थाल्यो र निरन्तरको अनुसन्धानपछि एउटा तथ्य बाहिर आयो कि यो खोप विश्वको जनसंख्या नियन्त्रण गर्नलाई बनाइएको हो भनेर । सन् २०१० मा बिल गेट्सले विश्व जनसंख्यालाई घटाउन खोप एउटा हतियार हो भनेका थिए । उनले खोपमार्फत १० देखि १५ प्रतिशत विश्वजनसंख्यालाई घटाउन सकिन्छ भनेका थिए । समयक्रमसँगै खोप अभियानको पर्दा पछाडिका डरलाग्दा र भयानक नकारात्मक तथ्यहरू बाहिर आइरहेका छन् ।

एक्काइसौं शताब्दीको वैज्ञानिक एआई युगमा सबै देशहरूसँग आ-आफ्नो हैसियतअनुसारका हातहतियारहरू छन् । त्यसैले विश्वका महाशक्ति राष्ट्रहरूले महामारीलाई हतियार बनाएर विश्व आर्थिक युद्धमा होमिन अनेक प्रयास र गुरुयोजनामा तल्लीन रहेका छन् । कोभिड-१९ पनि यसको एउटा ज्वलन्त उदाहरण हो । संयुक्त राज्य अमेरिका र चीनबीचको विश्व आर्थिक टकरावले गर्दा सन् २०१९ मा कोभिड-१९ महामारी ल्याइएको अनुमान गर्न सकिन्छ । विश्व आर्थिक टकरावले सन् २०३० मा फेरि नयाँ महामारी ल्याउने अनुमान गर्न सकिन्छ । चीन, रसिया र संयुक्त राज्य अमेरिकाबीचको विश्व आर्थिक टकराव र बदलिँदो विश्व भूराजनीतिक ध्रुवीकरणको कारण त्यो अवस्था नआउला भन्न सकिन्न । त्यतिबेला पनि नेपालजस्तै अन्य विकाससील देशहरू फेरि चेपुवामा पर्न सक्ने छन् । महामारीमार्फत विश्वका महाशक्ति राष्ट्रहरूले आफ्नो अर्थतन्त्रलाई बलियो र अरू महाशक्ति राष्ट्रहरूको अर्थतन्त्रलाई धराशायी बनाउने माध्यमका रूपमा लिइरहेका छन् ।

विश्व स्वास्थ्य संगठनले जनसंख्या नियन्त्रणको नीतिहरूलाई प्रोत्साहित गरेको देखिन्छ । दशकौंदेखि एसिया (बंगलादेश, भारत, इन्डोनेसिया, पाकिस्तान, फिलिपिन्स, थाइल्याण्ड), ल्याटिन अमेरिका (ब्राजिल, कोलम्बिया, मेक्सिको), अफ्रिका (इजिप्ट, इथियोपिया, नाइजेरिया) र युरोप (टर्की) मा जनसंख्या नियन्त्रण रणनीतिहरू लागू हुँदै आएका छन् । कोभिड-१९ महामारीविरुद्धको खोपपछि विश्वव्यापीरूपमा महिलाहरूले धेरै प्रजनन् समस्याहरू र डरलाग्दो गर्भावस्थाको परिणामहरू सामना गर्नुपरेका रिपोर्ट आइरहेका छन् । कोरोनाविरुद्ध खोपको एउटा असर निःसन्तान बनाउने पनि रहेको बताइएको छ । विशेषगरी पुरुषहरूमा व्यापक बाँझोपनको समस्या देखापरेको छ । यसले गर्दा महिलालाई आइभिएफ अर्थात् कृत्रिम गर्भधारण विधिबाट बच्चा जन्माउन बाध्य बनाइएको छ । यो कृत्रिम गर्भाधारण विधिको माध्यमबाट विदेशी जिन भित्र्याउनमा एउटा महत्त्वपूर्ण चलखेल भइरहेको छ ।

अस्ट्रेलियका वरिष्ठ प्रजनन चिकित्सक डा. ल्यूक म्याकलिन्डनले कोभिड-१९ महामारीविरुद्धको खोपको नकारात्मक पक्षको बारेमा चेतावनी दिएका थिए । उनले कोभिड-१९ विरुद्ध खोप लगाइएका ७४ प्रतिशत महिलाको स्वतः गर्भपतन, गर्भाशयभित्र शिशु मृत्यु र महिनावारीमा व्यापक गडबडी भइरहेको अनुसन्धानबाट देखिएको बताएका छन् । म्याकलिन्डनले कोभिड खोप लिन अस्वीकार गरेका थिए र कोभिड खोपको नकारात्मक असरहरूको निष्कर्ष सार्वजनिक गरेका कारण उनलाई बर्खास्त गरिएको थियो । बेलायतमा शव व्यवस्थापन केन्द्रका निर्देशक जोन ओलुनीका अनुसार अहिले पहिलेभन्दा धेरै बच्चा मरेका छन् । त्यसको कारण तिनीहरूका आमाहरूलाई भ्रममा पारेर गर्भावस्थामा खोप लगाइएको थियो ।

त्यस्तै मातृ र नवजात टिटानस उन्मूलन खोप अभियानको पर्दा पछाडिका डरलाग्दो र भयानक तथ्यहरू पनि छन् । प्रजननविरुद्ध खोपहरूको विकास सन् १९७० को दशकमा कथित अत्यधिक जनसंख्याको प्रतिक्रियामा सुरु भएको थियो । प्रजनन् नियमनका लागि खोपहरूमा विश्व स्वास्थ्य संगठन टास्क फोर्सका अनुसन्धानकर्ताहरूले टिटी अर्थात् धनुष्टंकर खोपमा बिटा-एचसिजी र म्युरामाइल डाइपेप्टाइड नियोजित तरिकाले सफलतापूर्वक संयोजित गरेका थिए । सन् १९९३ मा विश्व स्वास्थ्य संगठनले सार्वजनिकरूपमा त्यही खोपलाई 'परिवार योजना'का लागि 'जन्म-नियन्त्रण' खोप घोषणा गयो । पहिलोपटक सन् १९९५ मा र दोस्रोपटक २०१४ मा केन्यामा मातृ र नवजात शिशु टिटानस उन्मूलन/न्यूनीकरण गर्नलाई विश्व स्वास्थ्य संगठनले त्यही खोपलाई अभियानमा चलाएको थियो । यसमा लाखौं केन्याली महिलाको ज्ञान वा सहमतिविना गर्भधारण गर्नसक्ने क्षमता खोसिएको थियो । पछि बच्चा जन्माउने उमेरका युवतीलाई नपुंसक बनाइदिएको आरोप लागेको थियो ।

हरेक देशले महामारीविरुद्ध बनेका खोपहरूको आ-आफ्नो देशमा आवश्यक परीक्षण गरेरमात्र जनसमुदायमा खोप अभियान चलाउनुपर्दछ। यसले खोपको उद्देश्य, प्राथमिकता, जटिलता र संयोजन पत्ता लगाउन मद्दत गर्दछ । समग्रमा महामारीले व्यक्ति, समुदाय र समाजमा बहुआयामिक र दूरगामी प्रभाव पार्छ । यसले सार्वजनिक जनस्वास्थ्य आपत्कालीन अवस्थाहरूलाई सम्बोधन गर्न व्यापक तयारी, लचिलोपन र विश्वव्यापी सहयोगको महत्त्वलाई जोड दिन्छ । जबसम्म कोरोना भेरिएन्टको नामाकरण 'ओमेगा' हुँदैन, तबसम्म कोरोना भाइरस विश्वबाट पूर्णरूपमा निर्मूल नहुने अनुमान गर्न सकिन्छ ।

कोभिड-१९ महामारीको समयमा नेपालको स्वास्थ्य क्षेत्र र जनजीवनहरू एकदम भयावह, नाजुक र धराशायी स्थितिमा थियो । पर्याप्त सदन कक्ष, आवश्यक अक्सिजन आपूर्ति, चिकित्सक, स्वास्थ्यकर्मी, अत्यावश्यक चिकित्सा उपकरणहरू र औषधिहरूको चरम अभाव थियो । नेपालले त्यस समयलाई ध्यानमा राख्दै समयमै भविष्यमा देखापर्ने महामारीहरूविरुद्ध पूर्वतयारीका अभ्यासहरू (रोकथाम, नियन्त्रणका उपायहरू) पहल गरी कार्यान्वयन गरेमा आगामी दिनमा सबै क्षेत्रका जनतालाई समानरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सहज हुनसक्छ । यसले मृत्युदर कम गर्न पनि मद्दत गर्ने छ। नेपालले यी तथ्यहरूलाई समग्र तयारी रणनीतिमा समाहित गरी विभिन्न देश र अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरूसँग समन्वय गरेर महामारीको सामना गर्न आफ्नो लचिलोपन र क्षमता वृद्धि गर्नुपर्दछ, जसले स्वास्थ्य, अर्थतन्त्र र समाजमा महामारीको सम्भावित प्रभावलाई कम गर्न मद्दत गर्दछ । *रासस*

*(लेखक वीर अस्पतालमा कार्यरत छन्)*



**कोसी ब्यारेज** | अविरल वर्षापछि आइतबार बहाव उच्च भएको सप्तकोसी नदी तथा पृष्ठभूमिमा कोसी ब्यारेज । आइतबार दिउँसो सप्तकोसी नदीको बहाव तीन लाख ८६ हजार ७३५ क्युसेक पुगेपछि ब्यारेजका सबै ५६ वटा ढोका खोलिएको छ । *तस्बिरः नवीन गड्तौला⁄रासस*

# मधेसमा एचआइभी संक्रमित चार हजारभन्दा बढी

**जनकपुर (प्रस)–** मधेस प्रदेशमा चार हजार २८७ जना एचआइभी संक्रमितले नियमित औषधि सेवन गरिरहेका छन् । प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले धनुषाको लालगढमा आयोजना गरेको तीनदिने प्रयोगशालासम्बन्धी प्रशिक्षण समापनमा एचआइभी संक्रमितबारे उक्त तथ्यांक प्रस्तुत गरिएको हो ।

मधेस प्रदेश सरकारले १३६ पालिकामा प्रयोगशाला स्थापना गरेर सर्ने तथा नसर्ने रोगको नियमितरूपमा परीक्षण गरिरहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख एवं वरिष्ठ भाइरोलोजिस्ट डा. श्रवणकुमार मिश्रले जानकारी दिए ।

उनले रोगको पहिचान तथा निदानमा प्रयोगशालाको भूमिका महत्त्वपूर्ण हुने बताए । प्रदेशभर स्थापना भएका प्रयोगशालाबाट दीर्घरोगको पहिचान तथा नियन्त्रण गरी प्रदेशवासीलाई स्वस्थ राख्ने अभियान सञ्चालन गरिएको उनले बताए ।

मधेस प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रका निर्देशक डा. मनिषकुमार पाण्डेले प्रदेशवासीलाई स्वस्थ बनाउन प्रयोगशालाको योगदान महत्त्वपूर्ण रहने धारणा राखे । कार्यक्रमका प्रमुख प्रशिक्षक सन्तोषकुमार यादव र युनिसेफका चन्द्रनारायण साह रहेका थिए ।

मधेश प्रदेशमा कोभिड-१९ का बेला स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा दिँदै आएको छ । अहिले सर्ने तथा नसर्ने रोगको सस्तो तथा सुलभ दरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले परीक्षण गरिरहेको छ ।

# सीप सिकेपछि आत्मनिर्भर बन्दै सदा समुदायका महिला

**उदयपुर (गाईघाट)–** जिल्लाको त्रियुगा नगरपालिका-६ जलजलेस्थित दलित समुदायका महिला सीप सिकेपछि स्वरोजगार बन्दै गएका छन् । यसअघि परम्परागत पेसा ढकीमा माटो तथा गिटी बालुवा बोक्ने, जंगलबाट दाउरा संकलन र बिक्री गरेर जीविकोपार्जन गर्दै आएका यहाँका महिला सीप सिकेपछि सिलाइ कटाइबाट आत्मनिर्भर बन्दै गएका हुन् ।

त्रियुगा-६ जलजलेका पाँचजना मुसहर परिवारका सदा महिलाले आफ्नो परम्परागत पेसा छाडेर सिलाइ कटाइको तालिम लिएपछि अहिले 'सिलाइ केन्द्र' सञ्चालन गरी स्वरोजगार बन्दै गएका जिल्ला सिलाइ कटाइ संघकी संयोजक ज्ञानु प्रधानले बताइन् ।

२सदा महिलालाई तालिम दिएको बताउँदै प्रधानले पाँच जनाले सिलाइ केन्द्र सञ्चालन गरिरहेका जानकारी दिइन् । 'मुसहर जातिका महिला पढ्न लेख्न नपाउँदा परम्परागत पेसा गर्न बाध्य थिए । अहिले सीप सिकेपछि स्वरोजगारतर्फ उन्मुख भइरहेका छन्,' उनले भनिन् ।

जिल्ला घरेलु तथा साना उद्योग महासंघ र त्रियुगा नगरपालिकाको सहयोगमा पटक-पटक गरी २०० महिलालाई सामान्य, मध्यम र 'एडभान्स' तालिम दिइएको भन्दै तालिम लिइसकेपछि पाँचजना सदा महिलाले केन्द्र सञ्चालनसँगै आफ्नो परम्परागत पेसा परिवर्तन गरेका संयोजक प्रधानले बताइन् । जलजले बजारमा 'प्रिन्सा सामूहिक टेलर्स' मार्फत सुनिता सदा, यशोदा सदा, रामवती सदा, फूलवती र दीपा सदा स्वरोगार बन्दै गएका हुन् ।

यशोदाले भनिन्, 'सिलाइ कटाइ तालिम लिएपछि सामूहिकरूपमा सिलाइ केन्द्र सञ्चालन गरी परम्परागत पेसा छोडेका छौं । अहिले हामी व्यावसायिक सिलाइमा आबद्ध छौं ।' सामान्य, मध्यम र एडभान्स गरी तीन चरणमा करिब एक वर्ष तालिम लिएको भन्दै तालिमपछि व्यावसाय सञ्चालन गर्न सक्षम बनेको उनले बताइन् ।

नगरपालिका र साना घरेलु उद्योग महासंघको सहयोगमा पाँचवटा सिलाइ मेसिनसमेत सहयोग प्राप्त गरेपछि पाँच महिनादेखि सामूहिक टेलर्स सञ्चालन गरिरहेको रामवतीले जानकारी दिइन् । आफूहरू समुदायमा पनि दलित परिवारमा पर्ने भएकाले विद्यालय पढ्न नपाएको तथा सानैदेखि परम्परागत काम गर्न बाध्य रहेको बताउँदै तालिमपश्चात् आत्मनिर्भर बन्दै गएको उनले उल्लेख गरिन् ।

'सानैदेखि जंगलको दाउरा बोकेर बिक्री गर्ने, जंगल तथा खेतबाट घर पोत्ने माटो ढकीमा बोकेर बिक्री गर्ने, घर निर्माणका लागि गिटी, बालुवा, सिमेन्टलगायत सामग्री बोकेर जीविकोपार्जन गर्दै आएका थियौं,' रामवतीले भनिन्, 'अहिले केन्द्र सञ्चालन गरेपछि काममा सहजता हुनुका साथै आर्थिकस्तरमा पनि सुधार हुँदै भएको छ ।' उनले अन्य गाउँले दिदीबहिनीलाई सीप विकास गरी स्थानीयस्तरमा स्वरोजगारका अवसर सिर्जना गर्नेतर्फ सबै लाग्नुपर्नेमा जोड दिइन् ।

सिलाइ समूहकी अध्यक्ष यशोदाले महिलाले लगाउने हरेक किसिमका कपडा सिलाउने सीप तालिमबाट सिकेको बताउँदै पुराना कपडा मर्मत, कटाइ, पुरुषले लगाउने सर्ट, पाइन्ट, कोटसहित स्कुल, कलेजका पोसाकहरू सिलाइ गरिने जानकारी दिइन् । केन्द्रमा सबै खर्च कटाएर एक लाख रूपैयाँसम्मको सिलाइ कार्य गर्ने गरेको यशोदा बताउँछिन् । परम्परागत पेसा छाडेर सिलाइ कटाइमा आबद्ध भएकी सुनिताले सानैदेखि शारीरिक परिश्रम गरेको सम्झँदै पढ्नलेख्न पनि नपाएको बताइन् । 'सिलाइसम्बन्धी सीप सिकेपछि यो काम गर्न सहज भएको छ । महिलाले सीप सिकेर यस्ता काममार्फत स्वरोजगार बन्नेतर्फ लाग्नु पर्छ,' उनले भनिन् ।

पटक-पटक गरेर करिब १४ महिना तालिम लिएपछि आफू सक्षम भएको सुनिताको भनाइ छ । केन्द्रबाट सामूहिकरूपमा मासिक ८० हजारदेखि एक लाख रूपैयाँसम्म आम्दानी भइरहेको उनले जानकारी दिइन् । 'परम्परागत पेसा छोडेसँगै बिस्तारै गाउँका अन्य महिलालाई पनि केन्द्रमा आबद्ध गराउन पहल गर्ने छौं,' उनले भनिन् ।

लामो समयदेखि सुकुम्बासी भएर बस्दै आएका त्रियुगा-६ जलजलेका पाँचजना सदा महिला स्वरोजगार बनेको देखेपछि गाउँका अन्य पनि प्रेरित हुँदै गएका सुनिताका बुबा ७० वर्षीय जीवेन्द्र सदाले बताए । महिलाले सीप सिकेर अर्थिक आम्दानीका स्रोत विकास गरी सहज जीवनयापनतर्फ अग्रसर हुनुपर्ने उनले सुझाव दिए ।

'छोरीलाई दुःखका कारण सानोमा पढाउन सकिनँ, अहिले सिलाइ सीप सिकेर राम्रो कमाई गर्न थालेकोमा खुसी लागेको छ,' जीवेन्द्रले भने, 'छोरीले परिवारलाई पनि कपडा सिलाएर लगाइदिने गरेकी छन् । यसअघि बाहिर सिलाउनुपर्दा खर्च बढी लाग्ने र टिकाउ पनि नहुने हुँदा सास्ती थियो ।' *रासस*

# पहिरोले पुरिएका तीनै जनाको शव भेटियो

**तनहुँ (प्रस)–** तनहुँको शुक्लागण्डकी नगरपालिका-७ काउरेमा शनिबार पहिरोले घर पुरिएर बेपत्ता भएका तीन जनाकै शव फेला परेको छ । पहिरोले घर पुरिँदा बेपत्ता भएकामध्ये एक जनाको शनिबार राति र दुई जनाको आइतबार बिहान शव फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपक रायका अनुसार पहिरोले पुरिएर बेपत्ता भएका ४० वर्षीया हिरा नेपाली, ६५ वर्षीय श्याम भण्डारी र ३७ वर्षीया अनिषा बास्तोलाको शव फेला परेको हो । शव परीक्षणका लागि अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक रायले जानकारी दिए ।

हिरा नेपाली र सुनमाया कुमालको घरमाथिबाट पहिरो खस्दै गर्दा घरभित्रका सामान स्थानीयले निकाल्ने क्रममा पुरिएर तीन जना बेपत्ता भएका थिए । पहिरोमा ४० वर्षीय विष्णुबहादुर नेपाली, २६ वर्षीय विशाल तिमिल्सिना, ३५ वर्षीय रवि घिमिरे, १८ वर्षीय रूपकुमारी नेपाली र १५ वर्षीय विमल नेपाली घाइते भएका छन् । घाइतेहरूको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा उपचार भइरहेको छ ।

# खुट्टाले लेखेर एसइई उत्तीर्ण

**जानकी (बाँके)–** 'अरूलाई भन्दा मलाई आधा घण्टा बढी समय दिइएको थियो तर मैले खुट्टाले लेख्ने भएकाले सजिलो पक्कै थिएन,' खुट्टाले लेखेर एसइई उत्तीर्ण भएका बाँकेको राप्तीसोनारी गाउँपालिका-२ मदुवाका उमेश खत्रीले भने, 'सोचे जतिको त भएन तर पनि यो उपलब्धिमा खुसी छु ।'



मदुईस्थित श्री लक्ष्मी माध्यमिक विद्यालयबाट खुट्टाले लेखेर एसइई परीक्षा दिएका खत्रीले २.९२ जिपिए ल्याएर एसइई परीक्षा उत्तीर्ण भएको छ । एसइई दिएकै विद्यालयबाट बाली विज्ञानमा उच्च शिक्षा हासिल गर्ने उनको योजना छ । उनले भने, 'मैले कक्षा ९ देखि बाली विज्ञान लिएर पढेको हुनाले उच्च शिक्षा पनि बाली विज्ञानमा नै गर्ने सोचेको छु ।' पढाइ सकेपछि भविष्यमा लोकसेवा दिएर अधिकृत बन्ने इच्छा उनको छ ।

शारीरिकरूपले अशक्त १८ वर्षीय उमेश खुट्टाले लेखेर एसइई परीक्षामा उत्तीर्ण हुने यस क्षेत्रकै पहिलो विद्यार्थी हुन् । उमेश जन्मजात दुवै हात र खुट्टा नचल्ने भएर जन्मिएका हुन् । पटक-पटकको उपचारपछि हातको नशामा कुनै सुधार नआएपछि उनको खुट्टाको भने तीनपटक शल्यक्रिया गरिएको थियो । त्यसपछि अलिअलि खुट्टा चल्न सुरु गरेको आमा गोमा खत्रीले बताए ।

खुट्टा चल्न थालेपछि उमेशले खुट्टाकै भरमा आफूले सक्ने काम गर्न थालेको आमा गोमा बताउँछिन् । खुट्टा चल्न सुरु गरेपछि उनलाई हिँड्न कसैको सहारा चाहिएन तर धेरै समय उभिन सक्दैनन् । खुट्टाले काम गर्न सक्ने भएपछि गोमाले छोरालाई विद्यालय भर्ना गरेकी थिइन् । 'सुरुमा गाउँकै जय दुर्गा आधारभूत विद्यालयमा पढायौं । त्यसपछि गाउँमै सञ्चालित वागेश्वरी वेस्टर्न इंगलिस बोर्डिङमा कक्षा ७ सम्म पढाएर लक्ष्मी माविमा भर्ना गरेका हौं,' उनले भनिन्, 'छोरा पहिलादेखि पढाइमा अब्बल भएकाले एसइईमा पास हुन्छ भन्नेमा ढुक्क थिएँ ।'

छोराले एसइई पास गरेपछि चौतर्फी बधाईको ओइरो आफूलाई आउँदा गर्व लागेको गोमाको भनाइ छ । खुट्टाको नशामा सुधार आएपछि छोराले अरू काम गर्न नसके पनि किताब कापी मिलाउने, कलम समात्ने, मोबाइल र ल्यापटप चलाउन सक्ने भएको गोमाले बताइन् । उमेशलाई परीक्षामा सहज वातावरण निर्माण गर्न विद्यालयले उचित व्यवस्थापन गरेर सहयोग पुर्‍याएको लक्ष्मी माविका प्रधानाध्यापक लक्ष्मणप्रसाद आचार्यले बताए । उनका अनुसार परीक्षाको बेला कक्षाकोठाको बेन्चमा बसेर लेख्न उमेशलाई अप्ठ्यारो भएपछि विद्यालयले छुट्टै टेबल र कुर्सीको व्यवस्था गरेको थियो ।

प्रधानाध्यापक आचार्यले उमेश मिहेनतीमात्र नभई अनुशासित विद्यार्थी भएको बताए । 'उनको शारीरिक अपागंगतालाई देखेर स्कुलले धेरै सहयोग र व्यवस्थापन गरेको छ,' उनले भने, 'हुन त पढ्ने मान्छेलाई कुनै कुराले रोक्न सक्दैन । यो सफलता उमेशको लगनशीलताको नतिजा हो ।'

घरबाट १५ मिनेटको दूरीमा रहेको विद्यालयमा उमेशलाई कहिले मामाको छोरा र कहिले आमाले विद्यालयसम्म पुर्‍याउनुपर्थ्यो । उमेश आफ्नो सफलताको श्रेय आमाबुबा र गुरुहरूलाई दिन्छन् । पाँच वर्षको उमेरबाट उमेशले आफूले सक्ने काम खुट्टाकै सहारामा गर्न थाल्नुभयो । हात र खुट्टा दुवै नचल्दाभन्दा खुट्टाले काम गरेपछि धेरै सजिलो भएको उमेशको भनाइ छ ।

सशस्त्र प्रहरीमा जागिरे बुबा अहिले नवलपरासीमा कार्यरत हुनुहुन्छ । दुई छोरामध्ये उमेश जेठो हुन् । यस वर्षको एसइईमा धेरै विद्यार्थीले नतिजा राम्रो ल्याउन नसकेको बेला आफ्नै वडाबाट उमेशले राम्रो अंक ल्याएर पास गरेकामा वडावासी खुसी भएको वडाध्यक्ष ज्ञानेन्द्र वलीले बताए । उमेशलाई उच्च शिक्षाका लागि सहयोग गर्ने वडाध्यक्ष वलीले प्रतिबद्धता व्यक्त गरे । उक्त विद्यालयबाट १०७ जना विद्यार्थीले एसइई परीक्षा दिएका थिए जसमध्ये १२ जनामात्र उत्तीर्ण भएका छन् । *रासस*


## युएई/ओमनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : D S S SPORT ACADEMY**

पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307119 | चलानी नं. ६०२२१९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guards | 10 | 0 | 1500 | ५४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : ORIENTAL NIGHTS REST HOUSE**

पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No. 307112 | चलानी नं. ६०२२१९९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 1 | 0 | 100 | ३४,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreign Food Cook | 1 | 0 | 150 | ५२,000 | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KOREA GWAN RESTAURANTCO.**

पुर्व स्वीकृति मिति २०८१/०३/२१ | LT. No.307270 | चलानी नं. ६०२२१९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 3 | 0 | 180 | ७८,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Helper | 6 | 0 | 90 | ३९,२२५ | | | | | | | |
| 3 | Office Boy | 1 | 0 | 90 | ३९,२२५ | | | | | | | |
| 4 | Waiter | 3 | 0 | 120 | ५२,३०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क/-


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : FOREVER HOSPITALITY**

पूर्व स्वीकृति मिति २०७९/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२३ | LT. No. 283361 | चलानी नं. ६०१९८५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 5 | 1300 | ४७२०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 2 | 1000 | ३६३१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।**



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



MINAWA Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Jamuna Galli-09, Old Baneshwor, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SUPPORT ENGINES CONTRACTING CO. LTD.**

पुर्व स्वीकृति मिति २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२३ | LT. No. 306352 | चलानी नं. ६०२२१०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।**



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक

## रूपशाला

### 'चिट्ठी'लाई पिजी सर्टिफिकेट

एरा प्रोडक्सनको प्रालिको ब्यानरमा निर्माण भएको चलचित्र चिट्ठीको सिंहदरबारस्थित केन्द्रीय चलचित्र जाँच पास समितिको कार्यालयमा सेन्सर भएको छ । समितिबाट चलचित्रले पिजी सर्टिफिकेट पाएको छ । अब यो फिल्म १६ वर्ष मुनिका बालकालिकाले अनिवार्यरूपमा अभिभावकको साथमा मात्र हेर्न पाउने भएका छन् । कमेडी, सस्पेन्स तथा थ्रिलर जनरामा बनेको चलचित्रलाई सञ्चारकर्मीसमेत रहेकी निर्माता कमला जोशीले निर्माण गरेकी हुन् । माधवराज खरेलको लेखन र निर्देशन रहेको उक्त चलचित्रको प्रदर्शनी मिति केही दिनभित्रै सार्वजनिक गरिने निर्माण पक्षले जानकारी दिएको छ ।





# काठमाडौं महानगरका सात स्थानमा सांस्कृतिक प्रस्तुति



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका वडा-८ का विभिन्न सात स्थानमा साप्ताहिक सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । काठमाडौं महानगरपालिकाको स्वर्णिम योजना, सांस्कृतिक महानगरअन्तर्गत काठमाडौं महानगरपालिकाले विभिन्न सातवटा वडामा यस कार्यक्रमलाई साप्ताहिक सांस्कृतिक कार्यक्रमअन्तर्गत अगाडि बढाएको छ ।

सोही कार्यक्रमअन्तर्गत काठमाडौं महानगरपालिका वडा-८ को पशुपति भुवनेश्वरी डबली, इँट्टापाखा, दथु टोल, जयबागेश्वरी परिसर, नवाली टोल, तिलगंगा तथा पशुपतिपरिसरमा रहेको घ्याम्पे सत्तलमा कार्यक्रम सम्पन्न भएको काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समिति संयोजक एवं कामपा-८ का वडाध्यक्ष आशामान संगतले बताए । उनले विशेषगरी डबली तथा पार्टीमा कलाकारले प्रस्तुति दिएको बताए ।

काठमाडौं महानगरपालिका कला, भाषा, जात्रा, पर्व, मेला, अमूर्त सम्पदाको संग्रहालय रहेको बताउँदै उनले धार्मिक सहिष्णुता र उच्च सामाजिक मानव सम्बन्ध रहेकाले विभिन्न चाड पर्व, जातजाति, रितिरिवाज र चालचलनको विविधताभित्र एकता रहेको उल्लेख गरे ।

उनले कला, संस्कृतिको जीवन्त इतिहास तथा प्राचीन विशिष्ट शैलीको निर्माणका कारण विश्वकै दर्शनीय स्थलमध्येको एक सहरका रूपमा काठमाडौं परिचित रहेको पनि बताए । लोक संस्कृति एवं परम्परागत बाजागाजाको महत्त्वलाई अंगीकार गर्दै यस किसिमका कार्यक्रमको आयोजना हुनु आफैंमा महत्त्वपूर्ण भएको अध्यक्ष संगतले बताए ।

उनले विशेषगरी सम्पदा तथा पर्यटन विभागको तदारूकतामा बाजा गाजाको संरक्षणार्थ विभिन्न कार्यक्रमहरू भइरहेको बताउँदै सांस्कृतिक कार्यक्रममा धिमे बाजा, बाँसुरी, नाय्खीं, धा: धिमे, पछिमा, खिं, मादल, नाय खिं, भुस्या, ता: चिम्ता बबुचा छुस्यालगायतका बाजा समेटेर कार्यक्रम प्रस्तुत गरिएको बताए ।

सांस्कृतिक कार्यक्रममा मंगलधुन, सयथरी बाजा, येला लुवया, सितला, जिगु थो मन, झांगद, धा: बाजा, पशुपतिनाथ, लाखे, म्युजिक कम्पोजिसन, ल्यामम दाजु मिक्स कम्पोजिसनलगायतका धुनहरू प्रस्तुति गरिएको थियो । कार्यक्रममा स्थानीय कलाकारको प्रस्तुति रहेको थियो । जसमा कलाकारहरू नेवारी पहिरनमा प्रस्तुत भएका थिए । करिब ७५ जना कलाकारले सामूहिकरूपमा प्रस्तुत गरेको कार्यक्रममा सबै कलाकारहरू आ-आफ्नो मौलिक परम्परागत रूपमा सजिएका थिए ।

# प्रज्ञाको पुस्तक प्रदर्शनीमा ८० प्रतिशतसम्म छुट

**काठमाडौं (प्रस)–** नेपाल प्रज्ञा प्रतिष्ठानले ४१औं प्राज्ञसभाका अवसरमा आइतबारदेखि १५ दिने पुस्तक प्रदर्शनी सुरु गरेको छ । प्रदर्शनीमा प्रतिष्ठानले प्रकाशन गरेका करिब ६०० भन्दा बढी प्रकारका पुस्तक राखिएको जनाइएको छ ।

प्रदर्शनीमा प्रतिष्ठानले प्रकाशन गरेका पुस्तक र पत्रपत्रिका गरी ६०० भन्दा बढी प्रकार राखिएको सहव्यवस्थापक भरतप्रसाद सुवेदीले जानकारी दिए । प्रतिष्ठानको भानुभक्त कक्षमा सुरु प्रदर्शनीको कुलपति भुपाल राईले आइतबार शुभारम्भ गरे । प्रतिष्ठानका प्रकाशन सबैले अध्ययन गर्न सकून् भनी छुटसहित प्रदर्शनी आयोजना गरिएको उनले बताए ।

प्रदर्शनीमा प्रज्ञाले २०३० सालदेखि २०८१ जेठसम्म प्रकाशन गरेका पुस्तक बिक्रीमा राखिएको छ । तीन रूपैयाँदेखि तीन हजार ३०५ रूपैयाँ मूल्यका पुस्तक प्रदर्शनीमा राखिएको छ । पुस्तकमा २० देखि ८० प्रतिशतसम्म छुट दिइएको छ ।

प्रदर्शनीमा भाषा, साहित्य, बाल साहित्य, जर्नल, समालोचना, शब्दकोश, ग्रन्थकोश, संस्कृति, विज्ञान, अनुवाद र दर्शनलगायत विषयसँग सम्बन्धित पुस्तक र कविता, प्रज्ञा, समकालीन साहित्य, थायभू, आँगनलगायतका धेरै विषयका पठनीय एवं अति उपयोगी करिब ६०० भन्दा बढी थरीका पुस्तक एवं पत्रपत्रिका समावेश गरिएको छ ।

नेपाली बृहत् शब्दकोश र प्रज्ञा नेपाली अंग्रेजी शब्दकोशलगायत शब्दकोशमा २० प्रतिशत छुटको व्यवस्था छ । प्रतिष्ठानबाट सुरु प्रकाशन भएदेखि २०८१ साल जेठसम्मका पुस्तकमा ८० प्रतिशतसम्म छुटको व्यवस्था रहेको जानकारी पनि उनले दिए ।

यसभन्दा अघिका प्रदर्शनीमा साहित्यमा अनुसन्धान गरिरहेका विद्यार्थीहरू बढी पुस्तक किन्न आउने गरेको प्रतिष्ठानले जनाएको छ । प्रज्ञाले विगत वर्षमा कम्तीमा तीनपटक पुस्तक प्रदर्शनी आयोजना गर्ने गरेको छ । पृथ्वी जयन्तीको अवसर पारेर पुस महिना, नयाँ वर्षको अवसर पारेर वैशाख र प्रतिष्ठानको वार्षिकोत्सवको अवसर पारेर असार महिनामा प्रदर्शनी आयोजना हुने गरेको थियो । गत वर्ष पृथ्वी जयन्तीका अवसरमा पुस्तक प्रदर्शनी नगरिएको प्रतिष्ठानले जनाएको छ ।

प्रदर्शनीमा बाल साहित्यका पनि धेरै पुस्तक बिक्री हुने गरेको छ । दैनिक ३०० भन्दा बढी पाठकले प्रदर्शनी अवलोकन गर्न आउने गरेका छन् । दैनिक २० हजार रूपैयाँबराबरको पुस्तक बिक्री हुने गरेकोसमेत सहव्यवस्थापक सुवेदीले बताए । हरेक नेपालीको हात र मनमा प्रज्ञाका पुस्तक पुऱ्याउने अभियानका रूपमा पनि प्रदर्शनीलाई अघि बढाइएको छ । प्रदर्शनीको मुख्य उद्देश्य पठन संस्कृतिको विकास गर्नु रहेको जनाइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WEJDAN ABDULLAH HASSAN AL SHAHRANI INDUSRIAL FACTORY

पूर्व स्वीकृति मिति: २०८१/03/२१ LT. No. 307213 चलानी नं.: ६०२२१९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 226/058/059

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMBASSADOR MOBILE TELECOM COMPANY.

पुर्व स्वीकृति मिति २०८०/03/२१ LT No : 307276 चलानी नं ६०२२१९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salse Asst. | 4 | 5 | 150 | ६५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOMUS INTERIOR CONTRACTING L.L.

पूर्व स्वीकृति मिति: २०८१/03/२१ LT. No. :307239 चलानी नं.: ६०२२१९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter - Helpers | 5 | 0 | 1500 | ५४,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter - Plaster Worker | 1 | 0 | 1500 | ५४,४३५ | | | | | | | |
| 3 | Tile Layer Workers | 5 | 0 | 1500 | ५४,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग, महाराजगञ्ज, काठमाडौंमा मिति: २०८१ साउन १ गते (16 July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५


## रंगशाला

### ह्वीलचियर बास्केटबल प्रतियोगिता

# एपिएफ र सुदूरपश्चिमलाई उपाधि



**काठमाडौं (प्रस)–** नेपाल एपिएफ क्लब र सुदूरपश्चिम प्रदेशले पारा तथा विशेष खेलकुदअन्तर्गत ह्वीलचियर बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । एपिएफ पुरुष र सुदूरपश्चिम महिलामा च्याम्पियन बनेका हुन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजना तथा नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद संघको व्यवस्थापनमा कैलालीको अत्तरखेलस्थित बौद्ध इन्टरनेसनल स्कुलको इन्डोर हलमा भएको पुरुष फाइनलमा एपिएफले बागमती प्रदेशलाई ३९-२० ले पराजित गऱ्यो ।

गण्डकी प्रदेशले सुदूरपश्चिमलाई २६-१६ ले हराउन्दै तेस्रो भयो । महिलाथर्फको उपाधि भिडन्तमा सुदूरपश्चिमले कोशी प्रदेशलाई १५-१० ले पाखा लगायो । लुम्बिनीले कर्णाली प्रदेशलाई १२-८ ले पन्छ्याउँदै तेस्रो बन्यो ।

विजेतालाई राखेपकी सदस्य एवं प्रतियोगिता संयोजक पेमाडोल्मा लामा, नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद संघकी अध्यक्ष देवी आचार्यलगायतले पुरस्कार प्रदान गरे ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONSTRUCTION SERVICE COMPANY FOR CONTRACTING

पुर्व स्वीकृति मिति २०८१/03/२१ LT. No. 307249 चलानी नं ६०२२१९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd. श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411
9844661381, 9815039898, 9813413654, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OFF ROAD PERFORMANCE COMPANY FOR AUTO ACCESSORIES AND PARTS

पूर्व स्वीकृति मिति : २०८०/१२/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२३ LT. No. 301955 चलानी नं. ६०२१७०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Ordinary Worker | 9 | 0 | 135 | ५८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHMED MOHAMMED AL-DABASH

पूर्व स्वीकृति मिति : २०८०/०९ /०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२३ LT. No. 296812 चलानी नं. ६०२११८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,७२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 4 | 0 | 1000 | ३५,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gurung Management Overseas Pvt. Ltd.
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936, 4388012, 4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np
Website : www.gurungoverseas.com.np

Govt. License 404/060/061



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INVESTMENT FACILITIES MANAGEMENT CO.

पुर्व स्वीकृति मिति २०८१/03/२१ LT No :307240 चलानी नं. ६०२२१९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 15 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Alfarooque Overseas Pvt .Ltd.
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4961373 Mobile : 9843653970, 9851279430
E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

श्रम ईजाजत नं: १२६०/०७४/७५



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUSSAIN AHMAD AL MUTAWA SONS. TRADING AND CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८१/03/२१ LT. No. 307246 चलानी नं. ६०२२१९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



युद्धविराम गरी इजरायल र हमासबीच गाजामा जारी द्वन्द्व तुरुन्त रोक्न र गाजामा रहेका इजरायली बन्धकहरूलाई रिहा गर्न आह्वान गर्दै इजरायलको जेरुसेलममा भएको विरोध प्रदर्शनमा सहभागीहरू । *तस्बिरः सिन्ह्वा*

# अम्बानीको भव्य वैवाहिक कार्यक्रम र अतिथिको चर्चा



**नयाँदिल्ली–** भारतका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीले आफ्नो छोराको भव्य विवाह गर्ने भएका छन् । गत मार्चमा एसियाका सबैभन्दा धनी व्यक्ति अम्बानीले आफ्ना छोराका लागि तीन दिने विवाहपूर्वको (प्रि-वेडिङ) पार्टी दिएका थिए । पार्टीमा पूर्वविश्व नेता, प्रविधि क्षेत्रका ख्यातिप्राप्त व्यक्ति र भारतीय सिने जगत् (बलिउड) का सुप्रसिद्ध कलाकारसहित एक हजार २०० जनाको अतिथि सूची र प्रख्यात् गायिका रिहानाको प्रस्तुति समावेश थियो ।

यो केवल उनीहरूको महिनौं लामो भव्य विवाहपूर्व समारोहको सुरुआत थियो । यसले विश्वका प्रसिद्ध पत्रपत्रिका तथा अनलाइनमा मुख्य समाचारको स्थान पाएको थियो । सामाजिक सञ्जालमा व्यापक चर्चा पाएको थियो । मे महिनामा, अम्वानी परिवारले तीनदिने समारोहका अवसरमा अतिथिहरूलाई सुविधासम्पन्न पानीजहाजमा इटालीदेखि फ्रान्ससम्मको यात्रामा लगेको थियो । डेभिड गुएटाको डिजे सेट, केटी पेरीको सुप्रसिद्ध गीत 'फायरवर्क' र पिटबुलको प्रदर्शनको साथ यसलाई भव्य सांगीतिक माहोलबीच अन्त्य गरिएको थियो ।

२९ वर्षीय अनन्त अम्बानीले आफ्नी प्रेमिका राधिका मर्चेन्टसँग विवाह गर्ने भएपछि यसको तयारीमा गरिएको विवाहपूर्वको पार्टी र उत्सवले निकै चर्चा पाएको थियो ।

## विश्वका नवौं धनी र एसियाकै सबैभन्दा धनी व्यक्ति

फोर्ब्स पत्रिकाका अनुसार दुलहाका पिता ६६ वर्षीय मुकेश हाल ११६ अर्ब अमेरिकी डलर सम्पत्तिका साथ विश्वका नवौं धनी व्यक्ति हुन् । उनी एसियाकै सबैभन्दा धनी व्यक्ति पनि हुन् । उनको पेट्रोकेमिकल्स, र तेल र ग्यास देखि दूरसञ्चार र खुदरासम्मको सेवाबाट वार्षिक एक खर्ब अमेरिकी डलरभन्दा बढी आम्दानी गर्ने रिलायन्स इन्डस्ट्रिज एक विशाल व्यावसायिक समूह हो ।

अम्बानी परिवारको अन्य सम्पत्तिका अलावा मुम्बईमा एन्टिला नामक २७ तले निजी अपार्टमेन्ट छ । यसको मूल्य मुम्बईमा एक अर्ब अमेरिकी डलर छ । यसमा तीनवटा हेलिप्याड, १६० कारको ग्यारेज, निजी सिनेमा हल, स्विमिङ पुल र फिटनेस सेन्टर छन् ।

अम्बानीका आलोचकहरूका अनुसार अम्बानीको कम्पनी सन् १९७० र ८० को दशकमा भारतीय कांग्रेस सरकारको समयमा र सन् २०१४ पछि प्रधानमन्त्री नरेन्द्र मोदीको शासनकालमा राजनीतिक सम्बन्धका कारण फस्टाएको हो । भारतमा आसेपासे पुँजीवाद (क्रोनी क्यापिटलिज्म)ले अम्बानीजस्ता केही कर्पोरेसनलाई फस्टाउन मद्दत गरेको उनीहरूको भनाइ छ ।

अम्बानीले आफ्ना दुई छोरा र छोरीलाई जिम्मेवारी हस्तान्तरण गर्न थालेका छन् । सबैभन्दा जेठो छोरा आकाश अम्बानी अहिले 'रिलायन्स जियो'को अध्यक्ष छन् । उनकी छोरी इशाले खुद्रा व्यापारको रेखदेख गर्छिन् भने कान्छो छोरा अर्थात् भावी दुलहा अनन्तलाई नयाँ ऊर्जा व्यवसायमा सामेल गरिएको छ ।

## दुलाहा र दुलहीको परिचय

रिलायन्स इन्डस्ट्रिजको वेबसाइटका अनुसार अनन्तले ब्राउन युनिभर्सिटीबाट स्नातक गरेका छन् र समूहको नवीकरणीय र हरित ऊर्जा विस्तारसम्बन्धी जिम्मेवारी सम्हालेका छन् । उनले गृहनगर अर्थात् गुजरात राज्यको जामनगरमा तीन हजार एकड (लगभग १२ हजार हेक्टर) पशु उद्धार केन्द्र पनि चलाएका छन् । उनीहरूले गृहनगर जामनगरमा मार्चमा अतिथिहरू भेला गरी असाधारण विवाहपूर्वको पार्टीमा उत्सव मनाएका थिए ।

हुनेवाला बेहुली अर्थात् २९ वर्षीया राधिका मर्चेन्ट औषधि व्यवसायी भिरेन मर्चेन्टकी छोरी हुन् । उनी 'एनकोर हेल्थकेयर' की मार्केटिङ डाइरेक्टर हुन् । सन् २०१७ मा दुवै जनाका साथीमार्फत यी दुईको परिचय भएको उनले सञ्चारमाध्मलाई बताएका छन् । 'त्यो पहिलो भेटले हामीबीच केही विशेष कुरा जन्मायो, र हामीले 'डेटिङ' सुरु गरेको धेरै समय भएको छैन,' उनले भने ।

## विवाह मिति र कार्यक्रम र अतिथि

स्थानीय सञ्चारमाध्यमका अनुसार विवाहको मुख्य समारोह जुलाई १२ मा हुने छ भने जुलाई १४ मा भव्य रिसेप्सन हुने छ । अम्बानीको मुम्बई सहरमा रहेको जियो वर्ल्ड कन्भेन्सन सेन्टर र उनीहरूको पारिवारिक घरको बीचमा सेलिब्रेसन विभाजित हुने अपेक्षा गरिएको छ ।

हिन्दू रीतिरिवाजअनुसार दम्पतीको जन्मकुण्डलीको आधारमा मिति तय गरिएको र जुलाई १४ लाई शुभ मानिएको बताइएको छ । साथै परम्परालाई ध्यानमा राख्दै, विवाहको पारम्परिक कार्यक्रम र अनुष्ठानभन्दा सेलिब्रेसन पहिले हुने छ ।

शुक्रबार भारतीय सामाजिक सञ्जालमा यो जोडीको संगीतको भिडियोले भरिएको थियो, जहाँ दुलहा र दुलहीका परिवारले अतिथिहरूका लागि नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा आलिया भट्ट, रणवीर सिंह, सलमान खान, जस्टिन बीबरलगायत बलिउड स्टारको पनि प्रस्तुति रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । परिवारले गत हप्ता ५० भन्दा बढी विपन्न दम्पतीका लागि सामूहिक विवाहको आयोजना पनि गरेको थियो । असाधारण पार्टीहरू अम्बानीहरूको विशेषता हो र अर्को हप्ताको घटनाहरूले अधिक सेलिब्रिटी, अर्बपति र विश्व नेताहरूलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ ।

गत मार्चमा विवाहपूर्वको पार्टीमा बिल गेट्स, मार्क जुकरबर्ग, क्यानडा र कतारका पूर्वनेताहरूका साथै शाहरूख खान र दीपिका पादुकोणजस्ता बलिउडका ए-लिस्ट स्टारको पनि उपस्थिति थियो । रिहानाको अलावा, अकोन र अन्तर्राष्ट्रिय ख्याति कमाएका एक पञ्जाबी गायक दिलजीत दोसाँझले कोचेलामा प्रदर्शन गरेका थिए ।

सन् २०१८ मा, अम्बानीले छोरीको विवाह गरिदिँदा पनि भव्य उत्सवको कारण पत्रपत्रिकाले निकै महत्त्व दिएका थिए । छोरीको विवाह, विवाहमा सहभागी अतिथि र पप गायक बियोन्सेल सांगीतिक प्रस्तुति विवाहपूर्वको उत्सवमा प्रदर्शन गरेका थिए । त्यतिबेला अमेरिकाका पूर्वविदेशमन्त्रीहरू हिलारी क्लिन्टन र जोन केरीले पश्चिमी भारतीय सहर उदयपुरमा भारतीय सेलिब्रेटी र बलिउड स्टारहरूसँगै विवाहमा सहभागी भएका थिए । *रासस/एपी*

# काश्मिरमा गोली लागेर आठ जनाको मृत्यु

**नयाँदिल्ली–** भारत प्रशासित काश्मिरमा भएको गोली हानाहानको दुईवटा छुट्टाछुट्टै घटनामा दुई जना सैनिक र छ जना सन्दिग्ध आतंकवादी मारिएको प्रहरीले आइतबार जनाएको छ ।

काश्मिरका प्रहरी महानिरीक्षक विधिकुमार बिर्दीले विवादित क्षेत्रका अधिकारीहरूले कुलगाम जिल्लाका गाउँहरूमा 'दुई छुट्टाछुट्टै सुरक्षा कारबाही' गरिएको बताए । बिर्दीले सुरक्षा बलका दुई सदस्य मारिएका र मोडेरग्राम र फ्रिसल चिन्निगाम गाउँहरूमा झडप जारी रहेको बताए ।

'हामीले मोडेरग्रामबाट दुई आतंककारी र फ्रिसल चिन्निगामबाट अन्य चार आतंककारीको शव बरामद गरेका छौं,' बिर्दीले भने ।

विवादित क्षेत्रमा आक्रमणको यो पछिल्लो घटना हो । भारत र पाकिस्तान दुवैले मुस्लिम बहुल कश्मिरलाई पूर्णरूपमा आफ्नो क्षेत्र दाबी गर्छन् र यसको नियन्त्रणका लागि तीनवटा युद्ध लडेका छन् ।

विद्रोही समूहले यस क्षेत्रको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन् । द्वन्द्वले दशौं हजार नागरिक, सैनिक र विद्रोहीको ज्यान लिएको छ । *रासस/एएफपी*

# हात्ती आक्रमणबाट १३ जना घाइते

**कोलम्बो–** दक्षिणी श्रीलंकामा आयोजित एक धार्मिक शोभायात्राका क्रममा शनिबार राति हात्तीको आक्रमणमा करिब १३ जना घाइते भएको प्रहरीले आइतबार जनाएको छ ।

रुहुनु कटारागामा महादेवाला शोभायात्रा श्रीलंकाको उवा प्रान्तको कटारागामामा आयोजित एक प्रमुख धार्मिक र सांस्कृतिक कार्यक्रम हो । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको र कसैलाई पनि गम्भीर चोट नलागेको प्रहरीले जनाएको छ ।

रंगीन लुगाले सजाइएका हात्तीहरू श्रीलंकाको धार्मिक कार्यक्रमहरूमा प्रमुख आकर्षण र परम्परा हुन् । तर यस्ता कार्यक्रममा हात्तीको आक्रमणका घटनाहरू सामान्य हुन् । हात्तीलाई शान्त पार्न शोभायात्रामा चर्को आवाज नगर्न प्रहरीले आग्रह गरेको थियो । *रासस/सिन्ह्वा*

# सिड्नीमा घरेलु हिंसाको आरोपमा पपुवा न्यू गिनीका मन्त्री पक्राउ

**सिड्नी–** पपुवा न्यू गिनीका पेट्रोलियम मन्त्री जिमी मालादिनालाई अस्ट्रेलियाको सिड्नीमा घरेलु हिंसाको आरोपमा पक्राउ गरिएको छ । पूर्वी सिड्नीको उपनगर बोन्डीमा पक्राउ परेका मन्त्रीलाई घरेलु हिंसाको अभियोग लगाइएको अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एबिसी) ले आइतबार समाचारमा उल्लेख गरेको छ ।

स्थानीय समयअनुसार शनिबार बिहान करिब १० बजे घरेलु विवादपछि प्रहरीलाई बोन्डीस्थित एक घरमा बोलाइएको थियो । आरोपित ५८ वर्षीय पुरुषसँग भएको विवादपछि ३१ वर्षीया एक महिलालाई चोट लागेको भन्दै प्रहरीमा परेको उजुरीका आधारमा अधिकारीले ती महिलासँग कुराकानी गरेका थिए ।

महिलासँगको कुराकानीपछि मालादिनालाई गिरफ्तार गरिएको थियो र प्रहरी चौकीमा लगिएको थियो । उनीविरूद्ध वास्तविक शारीरिक क्षति पुर्‍याएको आरोपबारे अनुसन्धान भइरहेको जनाइएको छ । एबिसीले मालादिनाको बयानलाई उद्धृत गर्दै भनेको छ, 'उहाँले अनुसन्धानमा सहभागी भएर अधिकारीहरूलाई पूर्ण सहयोग गरिरहनुभएको छ ।' मन्त्रीलाई ससर्त जमानत दिइएको र बिहीबार अदालत उपस्थित गराउने बताइएको छ । *रासस/सिन्ह्वा*

# गाजा युद्ध १०औं महिनामा प्रवेश



**गाजा पट्टी, प्यालेस्टिनी क्षेत्र–** हमासले दक्षिणी इजरायलमा गत वर्षको अक्टोबर ८ मा गरेको हमलाको बदलामा इजरायलले गाजामा युद्ध सुरू गरेको आइतबार १०औं महिना सुरू भएको छ । यो अवधिमा प्यालेस्टिनी भूमिमा ३८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् । युद्धका कारण लाखौं मानिस विस्थापित भएका छन् ।

हमासले अक्टोबर ८ मा गरेको आक्रमणमा करिब एक हजार २०० जनाको मृत्यु भएको थियो भने लडाकु समूहले २५० जना बन्धक बनाएको थियो । युद्धविराम र कैदी आदानप्रदान सम्झौतापछि हमासले १०० भन्दा बढी व्यक्तिलाई रिहा गरेको थियो भने यसको तेब्बर संख्यामा प्यालेस्टिनी बन्दी रिहा भएका थिए ।

हिंसा रोक्नका लागि नयाँ कूटनीतिक प्रयासहरू जारी छन् । इजरायलले कतारको दोहामा हालै सुरु भएको युद्धविराम वार्तालाई निरन्तरता दिन आगामी दिनमा एक प्रतिनिधिमण्डल पठाउने बताएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका प्रवक्ताले युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता कसरी गर्ने भन्ने विषयमा हमाससँग 'भिन्नता' कायमै रहेको बताएका छन् ।

'वार्तालाई निरन्तरता दिन अर्को हप्ता इजरायली वार्ताकार दोहा जाने सहमति भएको छ । इजरायली राजनीतिक पार्टीहरूबीच युद्धलाई हेर्ने सम्बन्धमा अझै पनि मतभिन्नता छ,' प्रवक्ताले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यसैबीच गाजामा द्वन्द्व निरन्तर जारी रहेको प्यालेस्टिनी रेड क्रिसेन्टले आइतबार इजरायली आक्रमणमा मारिएका दुई बालबालिकासहित छ जनाको शव मध्य सहर देइर अल-बलाहस्थित अल अक्सा सहिद अस्पतालमा आइपुगेको जनाएको छ ।गाजा सहरको उत्तरी क्षेत्रमा रहेको एक घरमा इजरायली आक्रमणमा परी छ जनाको मृत्यु भएको पनि पारामेडिक्सले जानकारी दिएका छन् । हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयले मध्य गाजाको नुसिरातमा विस्थापितलाई आश्रय दिइरहेको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकाय (युएनआरडब्ल्युए) ले सञ्चालन गरेको विद्यालयमा भएको आक्रमणमा परी १६ जनाको मृत्यु भएको जनाएको थियो ।

इजरायली सेनाले आफ्नो विमानले अल-जवानी विद्यालय वरपर सक्रिय 'आतंककारी'लाई निशाना बनाएको बताएको छ । सेनाले यसअघि गाजापट्टीको उत्तरमा शुजैया, दक्षिणमा देइर अल-बलाह र रफाहलगायत अधिकांश क्षेत्रमा अभियान सञ्चालन गरेको बताएको थियो । शुजैया ती क्षेत्रहरूमध्ये एक हो जुन सेनाले पहिले हमासबाट मुक्त भएको घोषणा गरेको थियो, तर यहाँ फेरि युद्ध सुरु भएको छ । हमासको प्रेस कार्यालय र पारामेडिक्सले स्थानीय सञ्चारमाध्यममा कार्यरत चार जना पत्रकारको शनिबार राति भएको आक्रमणमा मारिएको र युएनआरडब्ल्युएले आफ्ना दुई कर्मचारीको मृत्यु भएको जनाएको छ ।

गाजामा वितरण गरिने अधिकांश सहायताको समन्वय गर्ने युएनआरडब्ल्युएले युद्धमा आफ्ना १९४ जना कर्मचारीको मृत्यु भएको जनाएको छ । कतार र इजिप्टसँगै युद्धविराम वार्ताको मध्यस्थता गरेको संयुक्त राज्य अमेरिकाले दुवै पक्षका लागि 'निकै महत्त्वपूर्ण खुलापन' भएको भन्दै सम्झौताको सम्भावनाबारे कुरा गरेको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गत मे महिनामा युद्धविराम सम्झौताको मार्गप्रशस्त गर्ने घोषणा गरेका थिए । यसमा प्रारम्भिक छ हप्ताको युद्धविराम, गाजाको केन्द्रबाट इजरायली सेना फिर्ता र प्यालेस्टाइनी लडाकुद्वारा बन्धक बनाइएका बन्धकहरूलाई मुक्त गर्नुपर्ने विषय समावेश थियो । वार्ता पछि रोकियो, तर एक अमेरिकी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार हमासको नयाँ प्रस्तावले प्रक्रियालाई अगाडि बढाउँछ र सम्झौतालाई बन्द गर्ने आधार प्रदान गर्न सक्छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४५४०० | प्रति तोला - १४४७०० | प्रति तोला - १८९० |



**जलमग्न सुर्खेत** | लगातार दुई दिनको वर्षाका कारण जलमग्न भएको सुर्खेतको तल्लो भाग। वर्षा नरोकिएको कारण सुर्खेतको तल्लो भाग डुबानको जोखिममा रहेको छ।

*तस्बिरः सुरेश आचार्य/रासस*

# चालु आवको भुक्तानी आजमात्रै

## मध्यरातिदेखि सरकारी खाता रोक्का हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारी खाताबाट चालु आर्थिक वर्षको भुक्तानी हुने आज (सोमबार) अन्तिम दिन। आज मध्यरातदेखि सबै सरकारी खाता एक हप्ताका लागि बन्द हुने छन्। त्यसैले आज रातिदेखि बजेट भुक्तानी हुने छैन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को व्यवस्थाअनुसार महालेखा नियन्त्रक कार्यालय (मलेनिका), प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) र सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले सञ्चालन गर्ने खाता बन्द गरिने मलेनिकाका प्रवक्ता ओमप्रसाद रिजालले जानकारी दिए।

'सोमबार रातिदेखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र), एकल खाता कोष प्रणाली (टिएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुने छन्,' रिजालले भने, 'कानुनमै उल्लेख भएको विषय भएकाले मलेनिकाले यस वर्ष प्रलेनिका र कोलेनिकालाई खाता बन्द गर्न परिपत्र गरेको छैन। तर सोमबार रातिदेखि बजेट भुक्तानी हुँदैन।' संघ, प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका सबै खाता एक हप्ताका लागि बन्द भएकाले आजसम्ममा चालु आर्थिक वर्ष २०८०/८१ को बजेट भुक्तानी दायित्व फरफारक गरिसक्नुपर्ने पनि उनले बताए।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० मा आर्थिक वर्ष समाप्त हुन एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐनले 'फ्रिज' नहुने भनी तोकेको शीर्षककोबाहेक अन्य रकम भुक्तानी गर्न पाइँदैन। यद्यपि, अत्यावश्यक प्रयोजनमा भएको खर्चका लागि भने मलेनिकाको सहमतिमा भुक्तानी गर्न सकिने व्यवस्था नियमावलीमा छ।

### आइतबार एकै दिन चार अर्बभन्दा बढी भुक्तानी

सरकारी खाताबाट आइतबार एकै दिन चार अर्बभन्दा बढी भुक्तानी भएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार संघीय सरकारको खाताबाट चार अर्ब २४ करोड ९५ लाख रूपैयाँ भुक्तानी भएको हो।

आइतबार भुक्तानी भएकामध्ये सबैभन्दा बढी चालु खर्चतर्फ तीन अर्ब ५१ करोड १० लाख रूपैयाँ रहेको छ। पुँजीगततर्फको भुक्तानी ७३ करोड ८५ लाख रूपैयाँ रहेको छ। यससँगै आइतबारसम्म संघीय सरकारको पुँजीगत खर्च बल्ल ५०.९८ प्रतिशत पुगेको छ। यो तथ्यांकले चालु आर्थिक वर्षमा पुँजीगत खर्च झन् कमजोर भएको देखिएको छ। चालु खर्चतर्फ भने आइतबारसम्म ८०.२२ प्रतिशत खर्च भएको छ।

# बंगलादेशमा नेपालको पर्यटन प्रवर्द्धन

**काठमाडौं (प्रस)–** बंगलादेशबाट बढीभन्दा बढी पर्यटक नेपाल भित्र्याउने उद्देश्यले त्यहाँ नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ। पर्यटन प्रवर्द्धनका लागि बंगलादेश गएको होटल संघ नेपालको प्रतिनिधिमण्डलले त्यहाँका १०० भन्दा बढी ट्राभल, टुर पर्यटन व्यवसायीसँग बिटुबी मिटिङका साथै छिमेकको उपयुक्त पर्यटकीय गन्तव्यको रूपमा नेपालको प्रचारप्रसार गरेका हुन्। संघका अध्यक्ष विनायक शाहको नेतृत्वमा गएको १८ सदस्यीय उक्त प्रतिनिधिमण्डल बंगलादेशमा नेपाल प्रवर्द्धन गरी आइतबार स्वदेश फर्किएको हो।

होटल संघ नेपाल, नेपाल पर्यटन बोर्ड र नेपाली दूतावास बंगलादेशको संयुक्त आयोजनामा यही असार २० देखि २३ सम्म बंगलादेशको राजधानी ढाकामा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम तथा बिटुबी कार्यक्रम आयोजना भएको थियो।

पछिल्लो समय बंगलादेशबाट नेपाल आउने पर्यटकको संख्या बढिरहेको छ। भारत, तीन र अमेरिकापछि बंगलादेश नेपालको चौथो प्रमुख पर्यटनको स्रोत बजार हो। बंगलादेशबाट वार्षिक ३७ हजार हाराहारी पर्यटक नेपाल आउने गरेको व्यवसायीको भनाइ छ। संघका अध्यक्ष शाहले बंगलादेशी पर्यटकहरू बिदा मनाउनका साथै कर्पोरेट गतिविधि, माइस टुरिजम, डेस्टिनेसन वेडिङ, हनिमुन टुरको माग बढ्दै गएको हुँदा खासगरी यी विषयमा जानकारी तथा प्याकेज सार्वजनिक गर्न सो कार्यक्रम फलदायी रहेको बताए।

उनले कोरोना महामारीपछि मुलुकमा एकपछि अर्को तारे होटल थपिएका तथा केवलकारलगायत पूर्वाधार विस्तार भइरहेको सन्दर्भमा बढीभन्दा बढी बंगाली पर्यटक नेपाल ल्याउन कार्यक्रम उपयोगी भएको बताए। दुई देशबीच पर्यटन विकासका लागि गर्नुपर्ने प्रमुख कार्यलाई निरन्तररूपमा सहकार्य गर्ने उद्देश्यले सोही कार्यक्रममा होटल संघ नेपालले बंगलादेशका पर्यटन विकाससँग सम्बन्धित छुट्टाछुट्टै पाँच छाता संगठनहरूबीच समझदारीपत्रमा हस्ताक्षर गरेको छ।

दुई मुलुकका संस्थाबीच भएको सम्झौताले संयुक्त पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष शाहको भनाइ छ। उनले पर्यटन प्रवर्द्धनमा आउँदा दिनमा दुवै संस्थाले योजनाबद्ध कार्यक्रम लैजाने भन्दै त्यसका निम्ति हवाई सम्पर्क सञ्चाललाई प्रभावकारी र सहुलित बनाएर जान सकेको खण्डमा पर्यटक आगमन बढ्ने धारणा राखे। त्यसक्रममा बंगलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले दुई छिमेकी मुलुकबीच पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना भएको सो कार्यक्रम फलदायी रहेको बताएका थिए।

बोर्डका निर्देशक लक्ष्मण गौतमले उपयुक्त पर्यटन गन्तव्यका रूपमा बंगलादेशीहरूलाई नेपालमा रहेको आकर्षण तथा पर्यटकीय गतिविधिबारे सचित्र विस्तृत प्रस्तुतीकरण गरेका थिए। सोही कार्यक्रममा बंगलादेशी पर्यटन व्यवसायी तथा सरकारकातर्फबाट बंगलादेश पर्यटन बोर्डका उपनिर्देशक साइफुल हसनले नेपालमा भएको पर्यटन विकासबाट अभिप्रेरित रही आपसी सहकार्य बढाउँदै जाने बताए। त्यस अवसरमा बंगलादेशका सगरमाथा आरोही निशात मजुमदार र बबर अलिलाई अभिनन्दन गरिनुका साथै त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरूले नेपाली सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजार उकालो लागेको छ। यस दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि भएको हो। कारोबार रकम छ अर्ब रूपैयाँ नाघेको छ।

नेप्सेका अनुसार आइतबार परिसूचक २१.२७ प्रतिशतले बढेर दुई हजार १४०.९७ बिन्दुमा कायम भएको छ। यस दिन ३२५ कम्पनीको एक करोड ४० लाख १४ हजार ६२२ कित्ता सेयर ८० हजार ८३८ पटक खरिदबिक्री हुँदा छ अर्ब २९ लाख ३१ हजार ८५४ रूपैयाँबराबरको कारोबार भएको छ। विकास बैंक समूह ०.२४, वित्त समूह २.०७ र व्यापार समूह २.२३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। बैंकिङ ०.७८, होटल तथा पर्यटन २.९६, जलविद्युत् ०.०१, लगानी १.८५ र जीवन बिमा १.५२ प्रतिशतले बढेको छ। उत्पादन तथा प्रशोधन १.१७, लघुवित्त १.४६, म्युचुअल फण्ड ०.३२, निर्जीवन बिमा १.३२ र अन्य समूहको उपसूचक २.२५ प्रतिशतले बढेको छ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै ५.२५ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको २१ करोड ७१ लाख ४८ हजार रूपैयाँबराबरको कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चार लाख ७५ हजार ७३० कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ।

## देशभरका ८० खानी खोजतलास गर्न अनुमति

काठमाडौं- खानी तथा भूगर्भ विभागले देशका विभिन्न स्थानमा रहेका ८० वटा खानी खोजतलासका लागि अनुमति दिएको छ। चालु आर्थिक वर्षको साउनदेखि जेठ मसान्तसम्म विभिन्न कम्पनीलाई खानी खोजतलासका लागि प्रमाणपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिए।

सोही समयमा आठवटा खानी उत्खननका लागि प्रमाणपत्र प्रदान गरेको छ। चालु आवमा देशभरिका विभिन्न १०७ खानीको अनुगमन गरेको र ११४ स्थानको उत्खनन तथा खोजतलास अनुमति प्रमाणपत्र रद्द गरेको सूचना अधिकारी बाँस्कोटाले बताए। *रासस*

# किसानलाई अनुदानमा कफीका नौ हजार बिरुवा

**त्रिशूली (नुवाकोट)–** बेलकोटगढी नगरपालिकाले किसानको मागको आधारमा नौ हजार कफीको बिरुवा उपलब्ध गराएको छ। कूल ५० प्रतिशत अनुदानमा कफीका बिरुवा वितरण गरिएको नगरपालिकाकी आर्थिक विकास शाखा प्रमुख डा. अञ्जु शर्मा चापागाईले जानकारी दिइन्।

उनका अनुसार कफी उत्पादनका लागि अनुकूलित हावापानी र भूगोल भएका स्थानका किसानलाई लक्षित गरेर कफीको बिरुवा अनुदानमा उपलब्ध गराइएको हो। किसानलाई प्रतिबिरुवा १५ रूपैयाँमात्रै पर्नेगरी कफीको बिरुवा उपलब्ध गराइएको हो। शाखा प्रमुख चापागाईले भनिन्, 'बिरुवा माग गरेका किसान र कृषि फर्मसम्म नै नगरपालिकाबाट निःशुल्क ढुवानी गरिएको छ।'

हावापानी अनुकूल अरबिकाको बोरबन जातको कफीको बिरुवा उपलब्ध गराइएको आर्थिक विकास शाखाका कृषि प्राविधिक सुन्दर श्रेष्ठले जानकारी दिए। उक्त बिरुवाले तीन वर्षपछि फल दिन सुरु गर्ने अपेक्षा गरिएको छ। नगरपालिकाले कफीको बिरुवाका लागि सुहाउँदो हावापानीका आधारमा किसानसँग माग गरेको निवेदन अनुसार विशेष गरेर नगरको वडा नं १, २, ११ र १३ का किसान र कृषि फर्मबाट बढी माग भएकाले सोही स्थानमा धेरै बिरुवा उपलब्ध गराइएको जनाएको छ। ती स्थानमा यसअघि देखि नै किसानले व्यावसायिकरूपमा कफी खेती गर्दै आएका थिए।

किसानहरूले कफीको व्यावसायिक खेती सुरु गरेसँगै उनीहरूलाई सहयोग गर्न नगरपालिकाले नीति तथा कार्यक्रममा नै समावेश गरेर किसानलाई कफीको बिरुवा अनुदानमा उपलब्ध गराइएको नगरप्रमुख जगतबहादुर गुरुङले बताए। नगरपालिकाबाट किसानलाई अन्य प्राविधिक सहयोगहरू पनि निरन्तर रहने भएकाले व्यावसायिकरूपमा कफी खेती फस्टाउने उनले विश्वास व्यक्त गरे। *रासस*

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं। साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ